# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा विकासको आधार हो । शिक्षालाई व्यक्ति समाज र देश विकासको मेरुदण्डको रूपमा स्वीकारिएको छ । यस तथ्यलाई हृदयङ्गम गरी हाम्रो देशमा पनि प्राचीन कालदेखि नै शिक्षा लिने दिने प्रचलन रहँदै आएको हो । हाम्रो देशको शिक्षाको इतिहासलाई नियाल्दा वौद्ध र वैदिक धर्मबाट अनुप्राणित शिक्षा परम्परासम्म पुग्न सकिन्छ । राजकुल, पितृकुल, देवकुल, ऋषिकुल र गुरुकुल शिक्षा पद्धतिको माध्यमबाट चल्दै आएको शिक्षा परम्परामा गुरुकुल परम्परा अझसम्म प्रचलनमा रहेको पाइन्छ ।

शिक्षा विकासको प्रारम्भिक चरणमा संस्कृत, कला तथा वौद्ध र हिन्दु दर्शनद्वारा अनुप्राणित शिक्षा पद्धति अन्तरगत परम्परागत कला र संस्कृतिको जगेर्ना र स्थानान्तरण गर्ने तथा ब्राह्मण, भाइभारदार तथा उच्च घरानाका लागि जिविका सञ्चालन गर्न पेसागत संस्कृत शिक्षा दिने गरिएको र यसैको आधारमा औपचारिक शिक्षाको संरचना विकास भएको पाइन्छ । दोस्रो चरण शाहकालमा शिक्षा विकासभन्दा राज्य एकीकरणमा ध्यान गएको पाइन्छ । अनौपचारिक रूपमा शिक्षाको विस्तार र विकास गरी शिक्षालाई संरचना तह भित्रै संचालन गरिएको थियो भनी किटान गर्न नसक्ने अवस्थामा रहेको पाइन्छ (शर्मा, २०५६) ।

शिक्षा विकासको तेस्रो चरण राणा शासकहरू शिक्षा विकासको विपक्षमा रहँदा रहँदै पनि आफ्ना छोरा तथा भाइभारदारहरूको शिक्षाका लागि वि.सं. १९१० मा दरवार स्कूलको स्थापना गरे । स्थापनाकालमा ल्याइएका शिक्षकहरू अनुसार वि.स. १९४३ सालमा दरवार हाई स्कूलमा कक्षा ८ सम्म पढाइ हुने गरेको पाइन्छ भने वि.सं. १९९० मा नेपालमै एस.एल.सी. बोर्डको गठन भएको र १९९६ मा शिक्षाको इस्तिहार जारी भई तात्कालीन समयमा प्रदान गरिने शिक्षालाई प्राथमिक खण्ड पहिला तीन कक्षा, मध्यम खण्ड चार कक्षादेखि सातौं कक्षासम्म र उच्च खण्ड अष्टम, नवम र दशम कक्षा गरी तहगत वर्गीकरण व्यवस्था गरिएको तथा १९९३ मा प्राथमिक पाठ्यक्रमको व्यवस्था समेत भएको पाइन्छ, (शर्मा, २०५६) ।

चौथो चरण (विकास काल) मा प्रजातन्त्रको स्थापनापछि स्थानीय स्तरमा बढेको शैक्षिक चासो र शिक्षाप्रति सरकारी उदारताका कारण विद्यालय खुल्ने क्रममा तीव्रता

आएको पाइन्छ । वि.सं. २००७ देखि २०२७ सम्म विद्यालय शिक्षामा प्राथमिक र माध्यमिक तह गरी दुई तहमा मात्र विभाजन गर्ने गरेको देखिन्छ भने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू भएपछि प्रत्येक तहका निश्चित उद्देश्य निर्धारण गरी पाठ्यक्रमका आधारमा शिक्षा प्रदान गर्ने परिपाटीको थालनी राष्ट्रिय शिक्षा पद्दतीको योजना २०२८ देखि गरिएकोमा हालसम्म पनि सोही वमोजिम तहगत रूपमा निश्चित उद्देश्य प्राप्तिका लागि शिक्षा प्रदान गर्ने परम्परा कायम रहँदै आएको छ (शर्मा, २०५६) ।

नेपालमा शिक्षा विकासका विभिन्न चरणहरूमा गरिएका विद्यालय शिक्षाका तहगत वर्गीकरणहरू शिक्षा सम्बन्धी तत्कालीन सिद्धान्त, मान्यता र नयाँ प्रयोगअनुसार हुँदै आएका छन् । व्यक्तिको वृद्धि र विकासको अवस्था, उमेर, चाहना र मनोविज्ञानका आधारमा उपयुक्त हुने गरी शिक्षा प्रदान गर्न तहको व्यवस्था गरिएको हुन्छ । उक्त तह पूरा गर्दा सो तहमा अध्ययन गर्ने उमेर समूहका विद्यार्थीहरूले के कस्ता उपलब्धि हासिल गर्नुपर्छ भन्ने कुरा पूर्व निर्धारित हुन्छन् । तल्लो तहमा हासिल उपलब्धिका आधारमा माथिल्लो तहको उपलब्धि हासिल गर्न सघाउ पुग्ने गरी क्रमिक रूपमा उद्देश्यहरू निर्धारण गरिन्छन् । यसरी तह विभाजन केवल विभाजनका लागि नभएर वैज्ञानिक आधारमा गरिएको हुन्छ ।

नेपालमा शिक्षाको विकासक्रम विभिन्न समयमा परिवर्तन हुँदै आएको छ । त्यसै गरी मूल्याङ्कन प्रणालीमा पनि परिवर्तन हुँदै आएको छ । प्राचीन कालमा नेपालमा शिक्षा गुरूकुल प्रणालीमा आधारित थियो । गुरुकुल शिक्षा प्रणालीमा गुरूको चाहना अनुरूप विषयहरू हुन्थे भने मूल्याङ्कन पनि गुरुको इच्छा अनुसार हुने गर्दथ्यो । गुरुहरूले नै मूल्याङ्कनकर्ताको रूपमा कार्य गर्दथे । मूल्याङ्कन गर्ने कुनै ठोस आधार नभए तापनि गुरुको इच्छा तथा चाहना अनुसार सिकारुलाई थप नयाँ ज्ञान प्रदान गर्ने गरिन्थ्यो । प्राचीनकालमा श्रवण, व्याख्या, प्रदर्शन, छलफल आदिको माध्यमबाट शिक्षा दिइन्थ्यो भने सिकारूको चारित्रिक गतिविधि अवलोकन, सामूहिक परीक्षातर्फ धर्म र दर्शनको वारेमा छलफल र वहस तथा शास्त्रार्थ विधिद्वारा परीक्षा लिइन्थ्यो (ज.ब.रा., श्रेष्ठ, रञ्जितकार, ०६४) ।

राष्ट्रिय शिक्षा पद्दतीको योजना २०२८ अनुसार प्राथमिक शिक्षा (कक्षा १-३) को उद्देश्य साक्षर बनाउनु र निम्न माध्यमिक तह (कक्षा ४-७) को उद्देश्य चरित्र निर्माण र पूर्व

व्यवसायिक शिक्षाको प्रारम्भ गर्नु रहेको थियो भने माध्यमिक तह (कक्षा ८-१०) को व्यावसायिक शिक्षामा जोड दिई उत्पादनशील र उपयोगी नागरिक तयार गर्नु रहेको थियो (शर्मा, २०५९) । त्यसै गरी राष्ट्रिय पाठ्यक्रम २०४९ अनुसार निम्न माध्यमिक तहको उद्देश्य श्रमप्रति सकारात्मक भावना, राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान तथा नेपाली भाषा, गणित र विज्ञान विषयमा उपयुक्त स्तरको ज्ञान भएका चरित्रवान नागरिक तयार पार्नु रहेको छ भने माध्यमिक तहको उद्देश्य भाषिक व्यवहारमा सक्षम, सृजनशील, सहयोगी र राष्ट्रिय परम्परा र संस्कृतिसँग परिचित, वैज्ञानिक सुझबुझ भएका स्वावलम्वी र प्रजातान्त्रिक जीवन मूल्यसँग सचेत नागरिक तयार पार्नु रहेको छ । नयाँ शिक्षा योजनाले प्राथमिक तहको अन्त्यमा जिल्ला स्तरीय र निम्न माध्यमिक तहको अन्त्यमा अञ्चल स्तरीय परीक्षा लिई तहगत स्तर मापन गर्ने व्यवस्था गरेको थियो । कक्षा ८ लाई निम्न माध्यमिक तहमा समेटिएपछि कक्षा ८ को अन्त्यमा जिल्ला स्तरीय परीक्षा लिने प्रावधान हाल विद्यमान रहेको छ (ज.ब.रा., श्रेष्ठ र रञ्जितकार, २०६४) ।

नेपालको शिक्षा जिल्लास्तरीय प्रशासन बलियो र विस्तारित प्रारूप राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागु भएदेखि पाइन्छ । यस कार्यका लागि प्रत्येक जिल्लामा शिक्षा कार्यालयको स्थापना गरिएको छ । जसलाई आफ्नो जिल्ला स्तरको पाठ्यक्रम कार्यान्वयन, परीक्षा तथा मूल्याङ्कन आदि कुराको जिम्मेवारी दिइएको हुन्छ (वाग्ले, २०५६) ।

सोही जिम्मेवारी अनूरूप नि.मा.वि. तहको अन्त्यमा हुने कक्षा ८ को जिल्लस्तरीय परीक्षा सञ्चालन गर्न नीति निर्धारण गर्न तथा परीक्षाको परिचालन र नियन्त्रण गर्नका लागि हरेका जिल्लामा सार्वजनिक तथा निजी क्षेत्रका विद्यालयहरूको समेत प्रतिनिधित्व हुने गरी गठन हुने यो समिति पाँच सदस्यीय हुने व्यवस्था छ । यस समितिले परीक्षा सञ्चालन गर्ने, गराउने, परीक्षाफल प्रकाशित गर्ने, प्रमाणपत्र दिने, परीक्षा शुल्क लिने, पारिश्रमिक दिने, परीक्षाको मर्यादा कायम गर्ने जस्ता कार्य गर्दछ । समितिले जिल्ला भित्रका विद्यालयहरूलाई समूह समूहमा विभाजन गरी छुट्टै उपसमिति गठन गरी परीक्षा सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ । त्यस्तै गरी मन्त्रालयले तोके अनुसार न्यूनतम् शैक्षिकस्तर कायम गरेका विद्यालयहरूलाई आफ्नो परीक्षा आफै वा समूहगत रूपमा सञ्चालन गर्ने गरी अनुमति दिन सक्नेछ । यसरी नि.मा.वि. तहको अन्त्यमा लिइने जिल्ला स्तरीय परीक्षा

सञ्चालन गरिन्छ । कक्षा ८ माध्यमिकस्तरको प्रवेशको पहिलो खुड्किलो तथा नि.मा.वि. तहको अन्तिम खुड्किलो भएकोले जिल्लाको शैक्षिक स्तरमा एकरूपता ल्याउन जिल्ला स्तरीय परीक्षा सञ्चालन उपयुक्त र प्रभावकारी ढङ्गले गर्न आवश्यक छ (ज.ब.रा., श्रेष्ठ, रञ्जितकार, ०६४) ।

विद्यार्थीले के सिकिरहेका छन् र शिक्षकले पाठ्यक्रमका उद्देश्य प्राप्त गर्नका लागि शिक्षणमा कुन कुन कुरामा जोड दिएका छन् भन्ने कुरा निर्धारण गर्न परीक्षाले प्रभावकारी भूमिका खेलेको हुन्छ । तर कटुसत्य के छ भने प्राविधिक ज्ञानको अभाव र उचित व्यवस्थापनको अभावमा परीक्षाले चाहेको उद्देश्य पुरा हुन सक्दैन । उपर्युक्त तरिकाले सञ्चालन गरेको परीक्षाले मात्र भरपर्दो नतिजा ल्याउँछ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) को सिफारिस अनुसार लागू गरिएको वर्तमान निम्न माध्यमिक तहको पाठ्यक्रम शैक्षिक सत्र २०५८ मा परिमार्जन भई हाल कार्यान्वयन भइरहेको छ ।

विद्यालय क्षेत्र सुधार योजना (SSRP) अन्तर्गत कक्षा १-८ को आधारभूत शिक्षा तथा ९-१२ को माध्यमिक शिक्षालाई एकीकृत गर्ने विषयले सामाजिक तथा राजनीतिक दृष्टिबाट समेत गति प्राप्त गरेको छ । त्रिवर्षीय अन्तरिम योजना तथा अन्य राष्ट्रिय कार्यक्रमहरूले समेत शिक्षा क्षेत्रमा अपेक्षित सुधारका मार्गदर्शन दिएका छन् । यसो भए पनि केही चुनौतीहरूलाई सम्बोधन गर्न अत्यावश्यक छ । करिब ८ प्रतिशत प्राथमिक विद्यालय जाने उमेर समूहका (५-९) वर्ष र करिब २५ प्रतिशत आधारभुत शिक्षाका उमेर समूह (५-१२ वर्ष) का वालवालिकाहरू अझै विद्यालय बाहिरै छन् । त्यसै गरी सामाजिक समावेशिता तथा समता सम्बन्धि विषय शिक्षा सेवा प्रवाहका प्रत्येक तहमा प्रमुख चासोका रूपमा रहेका छन् । न्यून स्तरका सिकाइ उपलब्धि र विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने दर उच्च भएका कारणले सक्षमता र प्रभावकारीता सम्बन्धि ठूलो चुनौतीको सामना गर्न परेको छ, (शिक्षा मन्त्रालय, ०६६) । कुनै न कुनै रूपमा शिक्षा क्षेत्रसँग सम्बन्धित सम्पूर्ण पक्षहरू धेर थोर यी समस्याहरूसँग जोडिएका हुन्छन् । राज्यले पनि शिक्षामा पहुँच तथा गुणस्तरीयताका लागि लगानी गरेता पनि वर्तमान माध्यमिक पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू आधा मात्रामा पनि पूरा हुन सकेका छैनन् अर्थात् एस.एल.सी. उत्तीर्ण प्रतिशत ५० भन्दा न्यून रहेको छ (जि.शि.का.सुनसरी, ०६८) ।

यस्तो अवस्थालाई राष्ट्रले राखेका शैक्षिक उद्देश्यहरू आधा पनि पूरा हुन नसकेको र अपेक्षित जनशक्ति तयार हुन नसकी शैक्षिक लगानीको अनुपातमा शैक्षिक उपलब्धी न्यून भएको देखिन्छ । यस्तो अवस्थाको सृजना हुनुमा विद्यालय शिक्षाका आधारभूत तहहरू (प्राथमिक र निम्न माध्यमिक) प्रमुख जिम्मेवार रहन्छन् । माध्यमिक शिक्षाका आधारभूत तहमा निर्धारित उपलब्धिहरू जति बढी मात्रामा हासिल हुन सक्छन् त्यति नै बढी मात्रामा माध्यमिक तहका लागि निर्धारित उपलब्धि हासिल हुन जान्छ अर्थात् एस.एल.सी. उत्तीर्ण दर बढी हुन्छ । निम्न माध्यमिक तहसम्म सबै बालबालिकालाई एकै प्रकारको शिक्षा (आधारभूत, जीवनोपयोगी) दिने र माध्यमिक तहमा विविधीकरण गरिने शैक्षिक नीति (शर्मा, २०५८) रहे अनुसार वर्तमानमा निम्न माध्यमिक तहको शैक्षिक उपलब्धिस्तर कस्तो छ र सोमा प्रभाव पार्ने कारक तत्त्वहरू के के हुन् ? शैक्षिक उपलब्धीस्तर उच्च हुनमा र न्यून हुनमा कुन कुन पक्ष प्रमुख छन् ? भन्ने पत्ता लाउन अध्ययन अनुसन्धान हुन आवश्यक देखिएकोले यस अध्ययनमा नमूनाका रूपमा सुनसरी जिल्लाको निम्न माध्यमिक. विद्यालयहरूको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको उपलब्धी विश्लेषण र उपलब्धीको प्रभाव पार्ने पक्षको खोजी गरिएको छ ।

## १.२ समस्याको कथन

सुनसरी जिल्ला भौगोलिक रूपबाट सुगम छ । विद्यालयको सेवा क्षेत्रभित्र सबै बालबालिका समेटिएका छन् । तहगतरूपमा विद्यार्थीहरू जति भर्ना भएका हुन्छन् ती सबैले निम्न माध्यमिक तह पूरा गर्दा प्राप्त गर्नुपर्ने तोकिएका शैक्षिक उपलब्धि प्राप्त गर्न नसकी अनुत्तीर्ण भएका छन्, (जि.शि.का., सुनसरी, २०६८) । विद्यालयमा पठनपाठन क्रियाकलाप भई रहेको हुन्छ तर पनि विद्यार्थीहरू अनुत्तीर्ण हुन्छन, यो एक समस्याको रूपमा रहेको छ ।

निम्न माध्यमिक तह उत्तीर्ण परीक्षाको नतिजाले निम्न माध्यमिक तहका शैक्षिक उद्देश्यहरूको प्राप्तीको स्तर देखाउने भएकोले यसको न्यूनताको अर्थ शैक्षिक उद्देश्य प्राप्तीमा कमि रहेको देखिन आउँछ । प्रस्तुत अध्ययनमा निम्न माध्यमिक तह उत्तीर्ण परीक्षाको उपलब्धी सम्बन्धमा गहन अध्ययन अनुसन्धान गरिएको छ ।

निम्न माध्यमिक तहमा बढी विद्यार्थीहरू असफल हुने विषयहरू कुन कुन हुन ? शिक्षक सङ्ख्या र विद्यार्थीले प्राप्त गर्ने नतिजा वीचमा कस्तो सम्बन्ध रहेको छ ? तालिम प्राप्त र उप्राप्त शिक्षकहरूको अध्ययन र नतिजाको फरक कस्तो रहन्छ ? कक्षा ८ को जिल्ला स्तरीय परीक्षाको उपलब्धिले शैक्षिक स्तरमा कस्तो प्रभाव पारेको छ सो विषयवस्तुहरूलाई समस्याको रूपमा केन्द्रविन्दू मानी अनुसन्धान अगाडि बढाइएको छ ।

## १.३ अध्ययनको औचित्य

दक्ष र सक्षम जनशक्ति उत्पादन गर्न आधारभूत तह देखि नै गुणस्तरिय शिक्षा प्रदान गर्नु पर्दछ । तल्लो तहमा प्राप्त गर्नु पर्ने शैक्षिक उपलब्धि प्राप्त नगरेमा माथिल्लो तहमा तय गरिएका उपलब्धिहरू विद्यार्थीले प्राप्त गनै सक्दैनन् । यसको अर्थ हो तय गरिएको उद्देश्य पुरा गर्न नसक्ने जनशक्ति उत्पादन गर्नु । तसर्थ शिक्षाको आधारभूत तहको रूपमा रहेको निम्न माध्यमिक तहमा हुने गरेको अध्ययन अध्यापन कार्यक्रमलाई असर पुऱ्याउने तत्वहरूको खोजी गर्न आवश्यक छ । यसरी खोजको लागि गरिएको कार्यक्रमले वर्तमान अवस्था पत्ता लागाउन र आगामी दिनको परिणाम सुधारका आवश्यक मार्गदर्शन प्रदान गर्दछ । यो अध्ययन पनि यसै विषयवस्तुमा केन्द्रित रहेको छ ।

निम्न माध्यमिक तह उत्तीर्ण परीक्षाको नतिजाको तुलनात्मक रूपमा अध्ययन गरी विद्यार्थीले प्राप्त गरेका परिणामलाई प्रभाव पार्ने तत्वहरूको खोजी गर्दै प्राप्त नतिजा न्यून हुनका कारण पत्ता लगाइ आगामी परिणाम सुधारका लागि सरोकारवाला पक्षलाई आवश्यक सुझाव दिनु नै यस अध्ययनको औचित्य रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्य निम्नानुसार छन् :

१. निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजा विश्लेषण गर्नु ।

२. निम्नमााध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा प्रभाव पार्ने कारक तत्वहरूको विश्लेषण गर्नु ।

३. नतिजा सुधार गर्ने उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अनुसन्धानलाई अगाडी बढाउन देहाय अनुसारका प्रश्नहरू राखिएका छन् ।

क. निम्न माध्यमिक तहमा विद्यार्थीको शैक्षिक उपलब्धिको अवस्था कस्तो छ ?

ख. विद्यार्थीको सिकाई उपलब्धीलाई प्रभाव पार्ने कारक तत्वहरू के के हुन् ?

ग. उक्त समस्या समाधानका लागि के के उपायहरू अवलम्बन गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

समय, श्रोत, साधन र आर्थिक कठिनाईलाई मध्यनजर राखी अध्ययनको क्षेत्रलाई सुनसरी जिल्लाका १२ (बाह्र) वटा स्रोतकेन्द्रहरूका २५५ वटा निम्न माध्यमिक तह संचालन भइरहेका विद्यालयहरू मध्ये नमूनाको रूपमा छनोटमा परेको शारदा उ.मा.वि., वलाहा श्रोतकेन्द्र भित्रका सामूदायिक तथा संस्थागत विद्यालयहरूमा मात्र सिमित गरिएको छ । यस अध्ययनका लागि सुनसरी जिल्लाको निम्नमाध्यमिक उत्तीर्ण परीक्षा २०६४, २०६५, २०६६ र २०६७ को सिकाई उपलब्धीमा सीमित गरिएको छ । अध्ययनका लागि छानिएका विद्यालयहरूसँग सम्बन्धित व्यक्तिहरूबाट प्राप्त तथ्यांक विश्लेषणका आधारमा आएको निश्कर्ष एवं सुझावहरूको समान्यीकरण गर्न नसकिने हुँदा यसै जिल्लाको हकमा मात्र सिमीत रहेको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

विगतले वर्तमानलाई मार्गदर्शन गर्दछ । विगतमा भए गरेका कार्यको लेखाजोखा गरी वर्तमानका लागि गरिने कार्य योजना उद्देश्य प्राप्तिका लागि बढी सान्दर्भिक हुन्छ । त्यसैले कुनै पनि अध्ययनका लागि त्यस अध्ययनसँग सम्बन्धित पहिले गरिएका शोध, अनुसन्धान, सुझाव, पुस्तक, पत्रपत्रिका लेख रचना जस्ता साहित्यको अध्ययन गर्नु जरुरी हुन्छ । जसबाट शोधकर्ताले आफ्नो खोज अनुसन्धानलाई कसरी व्यवस्थित गर्ने, कस्तो ढाँचामा प्रस्तुत गर्ने भन्ने कुराको ज्ञान सम्बन्धित साहित्यबाट प्राप्त गर्न सकिन्छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अनुसन्धानकर्ताले आफ्नो अध्ययनको क्षेत्रमा पूर्ववत गरिएका अध्ययन अनुसन्धानका निष्कर्षहरू तथा संगठित रूपमा प्रकाशित गरिएका पुस्तक, पत्रपत्रिका, लेख, रचना तथा कृतिहरू अध्ययन गर्ने र त्यसको सारांशलाई आफ्नो अध्ययनमा उल्लेख गर्नाले आफ्नो अध्ययनको क्षेत्रमा ज्ञात भएका र वर्तमानसम्म पनि अज्ञात रहेका तथा परीक्षण नगरिएका प्रमाण वा ज्ञानहरूबारे जानकारी प्राप्त गर्न सक्छ । उक्त क्षेत्रमा खोज अनुसन्धान गर्नु नै अनुसन्धानको प्रमुख उद्देश्य रहने हुँदा आफ्नो अध्ययनसँग सम्बन्धित पूर्व साहित्यको अध्ययन गरी तिनले निकालेका निष्कर्ष, सुझाव तथा रिक्तता पत्ता लगाई उक्त रिक्तता पूरा गर्नेतर्फ अध्ययनलाई केन्द्रित गर्नु र पूर्वसाहित्यको आधारमा आफ्नो अध्ययनको व्याख्या, विश्लेषण गर्ने आधार प्राप्त गर्नु अध्ययनकर्ताका लागि अति आवश्यक हुनाले अध्ययनको यस विषयमा सुनसरी जिल्लामा हालसम्म अध्ययन गरिएको नपाइए पनि विषयसँग मिल्दाजुल्दा केही अध्ययन अनुसन्धानहरूको समीक्षा गरी त्यसबाट आवश्यक पृष्ठपोषण लिई यो अध्ययन तयार पारिएको छ ।

पौडेल, (२०५२) का अनुार निम्न माध्यमिक तहको नेपाली भाषा मूल्याङ्कन प्रणालीमा एकरूपता नभएकै कारण उच्च तहमा मूल्याङ्कनमा प्रभाव परेकाले निम्न माध्यमिक तहको परीक्षा तथा मूल्याङ्कनमा एकरूपता नभएको पाइएको छ । निम्न माध्यमिक तहमा भर्ना भएका विद्यार्थीहरूमध्ये आफ्नो अध्ययनका क्रममा पाठ्यक्रमले तोकेका शैक्षिक उपलब्धिहरू तथा भाषिक सीपहरू पूर्ण रूपमा सिकाइ नभएका कारणले परीक्षामा पाठ्यक्रमले तोके अनुसार उपलब्धिहरू हासिल गर्न नसकेको अवस्था छ ।

सेरिड, (२००७) को अध्ययन अनुसार उपयुक्त लगानी र प्रतिफलको लागि शिक्षकहरूलाई आवश्यक प्रोत्साहन तथा पेशागत हौसला प्रदान गरिनुपर्छ । शिक्षकलाई उनीहरूको तह वृद्धि तथा कार्यको दक्षता अभिवृद्धि गर्नका लागि छोटो समयको तालिमको व्यवस्था गरिनु पर्दछ र विद्यालयले कक्षाकोठाको उचित व्यवस्थापन तथा प्रयोगशालामा आवश्यक उपकरणको व्यवस्था गर्नुपर्दछ ।

सेरिड (१९८९) ले गरेको संस्थागत र सामुदायिक विद्यालयको उपलब्धी तहको तुलनात्मक अध्ययनको रिपोर्ट अनुसार आधा जसो संस्थागत विद्यालयहरूमा प्रयोगशाला सुविधा उपलब्ध भएको, ७० प्रतिशत संस्थागत विद्यालयको कार्यालय व्यवस्थित देखिएको, हरेक संस्थागत र ३ वटा सामुदायिक विद्यालयमा सुविधायुक्त प्रयोगशाला उपलब्ध छ, संस्थागत विद्यालयमा गृहकार्य परीक्षण गर्ने गरिएको, कक्षा कोठा अनुशासन सामुदायिक विद्यालयमा भन्दा बढी भएको पाइन्छ, संस्थागत विद्यालयका विद्यार्थीहरूले उच्च अङ्क ल्याएको देखिएको छ । केही सामुदायिक विद्यालयमा संघ संस्थाहरूबाट उपलब्ध सामाग्रीहरू प्रयोग समेत नगरिएकाले विज्ञान सामाग्रीहरू कतिपय खिया लागेको देखिन्छ ।

थापा, (२०६०) का अनुसार विषय शिक्षकहरूलाई छोटो अवधिको परीक्षा प्रणाली सम्बन्धी गोष्ठी सञ्चालन गरी परीक्षालाई प्रभावकारी बनाउने, शिक्षण सिकाइमा देखा परेका कमी कमजोरी हटाउँदै उपलब्धि वृद्धि गर्ने, स्थानीय स्तरमा शिक्षण सामग्रीहरूको निर्माण र प्रयोग, शिक्षण सिकाइ र मूल्याङ्कनका साधनहरूको उचित ज्ञान आदि दिनका लागि हिउँदे वा वर्षे विदाको समय मिलाएर कम्तिमा ७ दिनको प्रशिक्षण दिने व्यवस्था जिल्ला शिक्षा कार्यालयले मिलाउनु आवश्यक छ । प्रत्येक विषयको विशिष्टीकरण तालिका बनाई अनुभवी शिक्षकहरूबाट ज्ञान, बोध, उच्च क्षमता र सीपजस्ता महत्वपूर्ण पक्षहरूलाई समेट्दै पाठ्यक्रमका उद्देश्यानुसार प्रश्न निर्माण गरिनु पर्दछ । परीक्षा मर्यादित ढङ्गबाट सञ्चालन गर्न गराउन आवश्यक संयन्त्रहरूलाई जिल्ला शिक्षा कार्यालयले क्रियाशील बनाउनु पर्दछ । परीक्षाको समयमा परीक्षा केन्द्रमा निरन्तर रूपमा अवलोकन अनुगमनको कार्य सञ्चालन गर्नुपर्ने देखिन्छ । परीक्षाको नतिजा तयार पार्ने कार्य ज्यादै संवेदनशील भएको हुनाले अनुभवी दक्ष शिक्षकलाई मात्र परीक्षण कार्य

गराउनु पर्दछ । परीक्षा नतिजाको विश्लेषण गरेर विद्यालयका प्रधानाध्यापक., शिक्षकहरूलाई सजग र सक्रिय बनाउने नीति बनाई कडाइका साथ कार्यान्वयन गर्न नितान्त आवश्यक देखिन्छ ।

ज.ब.रा., श्रेष्ठ र रञ्जितकार (२०५४) का अनुसार उपलब्धि परीक्षणका क्षेत्रहरू प्रकृति, योग्यता, रुचि, समस्या समाधान गर्ने क्षमता, विषयवस्तुबाट निष्कर्ष निकाल्न सक्ने क्षमता, सामान्यीकरण गर्न सक्ने क्षमता हुन्छ । उपलब्धि परीक्षणले ज्ञान तथा नियन्त्रित अवस्थाको प्रभावको मापन गर्दछ ।

शर्मा र शर्मा (२०६५) का अनुसार शैक्षिक लगानीको सबैभन्दा पहिलो महत्त्वपूर्ण अङ्ग लक्ष्य र उद्देश्य हो । वास्तवमा शिक्षाको लक्ष्य र उद्देश्य पनि व्यापक दायराको हुन्छ । लक्ष्य प्राप्तिका लागि विभिन्न उद्देश्यहरू निर्माण गरिएको हुन्छ । यी उद्देश्यहरू साधारण र विशिष्ट हुन्छन् । यहाँ लक्ष्य वा उद्देश्य जे भने पनि शैक्षिक उत्पादन वा शैक्षिक उपलब्धिको पक्षमा लिइएको हुनाले शिक्षाको लक्ष्य वा उद्देश्यलाई एउटै अर्थमा पनि राखिन्छ । यसैलाई शैक्षिक उपलब्धि पनि भनिन्छ । विभिन्न तहमा जनशक्तिहरू निर्माण गर्ने शिक्षाको लक्ष्य वा उद्देश्य रहेको यस्ता उत्पादित जनशक्तिलाई शैक्षिक उपलब्धि भनिन्छ ।

प्रसिद्ध व्यवहारवादी मनोवैज्ञानिक वी. एफ. स्कीनरका क्रियापरक सम्बन्धन सिकाइ सिद्धान्त अनुसार सिकाइमा पुनर्वलले महत्त्वपूर्ण प्रभाव पार्दछ । स्याबासी, पुरस्कार, प्रसंशा, धन्यवाद र पदोन्नती जस्ता सकारात्मक पुनर्वलले सिकाइ उपलब्धिमा वृद्धि गर्दछ भने दण्ड, गाली, वेइज्जती, घटुवा गर्नु जस्ता नकारात्मक पुनर्वलले सिकाइमा बाधा उत्पन्न गर्दछ (कोइराला र श्रेष्ठ, २०५४) ।

पोखरेल (२०६०) का अनुसार काठमाडौँ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयको विज्ञान विषयको जिललास्तरीय परीक्षाको तुलनात्मक अध्ययन गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको उपलब्धि सामुदायिक विद्यार्थीहरूको भन्दा उच्च रहेको पाइएको छ ।

पौडेल (२०६५) का अनुसार सामुदायिक विद्यालयको तुलनामा निजी विद्यालयहरूको शैक्षिक उपलब्धि राम्रो रहनुमा निजी विद्यालयहरूले आफ्नो भौतिक तथा मानवीय स्रोतसाधनलाई बढी भन्दा बढी उपयोग गर्नु नै हो । सामुदायिक विद्यालयले पनि आगामी दिनहरूमा आफ्नो स्रोत साधनलाई सकेसम्म प्रयोग गर्न शिक्षक, विद्यार्थी, अभिभावक र शैक्षिक प्रशासन निरन्तर रूपमा लाग्नु पर्ने देखिन्छ । २०५९-२०६३ सम्म ५ वर्षको सामुदायिक विद्यालयहरूको कुल उत्तीर्ण ५१ प्रतिशत र निजी तर्फ ९१ प्रतिशत विद्यार्थीहरू उत्तीर्ण हुनुले सामुदायिक विद्यालयहरूमा नेपाल सरकारको ठूलो लगानी भएर पनि प्रतिफलमा खासै सुधार हुन नसकेको तथ्य औँल्याएका छन् ।

पौडेल (२०६५) का अनुसार विज्ञान विषयको शिक्षणमा प्रभाव पार्ने तत्त्वहरूमा विज्ञान प्रयोगशालाको अभाव, शैक्षिक सामग्री प्रयोग नहुनु, प्रयोगात्मक कक्षाको छुट्टै व्यवस्था नहुनु, एउटै कक्षामा विद्यार्थी सङ्ख्या बढी हुनु, सहायक पाठ्यपुस्तकको अभाव आदि उल्लेख गरेका छन् ।

घिमिरे (२००२) का अनुसार धनकुटा जिल्लाका कक्षा ६ मा अध्ययनरत ग्रामीण र सहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरूको शैक्षिक उपलब्धि ५६.६८ प्रतिशत रहेको, सहरी क्षेत्रका विद्यार्थीहरूको उपलब्धि ३७.३४ प्रतिशत र ग्रामीण क्षेत्रका विद्यार्थीको उपलब्धि २५.३४ प्रतिशत रहेको देखाएका छन् ।

थापा (२०६२) ले गरेको बुटबल नगरपालिकाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको गणित विषयको तुलनात्मक अध्ययन अनुसार सामुदाकिय विद्यालयका विद्यार्थीहरूको उपलब्धि ३३.६८ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरूको औसत उपलब्धि ४३.५८ प्रतिशत रहेको छ ।

गुरुङ (२०६०) का अनुसार शिक्षकले कक्षाकोठामा शिक्षण गर्दा भौतिक सुविधाको अभाव, विज्ञान सामग्री र प्रयोगशालाको अभाव, शिक्षकसँग पाठ्यक्रम नहुनु, विषयगत शिक्षकको अभाव, शिक्षकहरूलाई बढी कक्षा भार, सन्दर्भ सामग्रीको अभाव जस्ता समस्याहरू आइपर्ने बताएका छन् ।

अध्ययन गरिएका पूर्व साहित्यमा निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजा न्यून हुनका कारणहरू उल्लेख गरिएको पाइए पनि परीक्षा व्यवस्थापन एवं सञ्चालन पक्षका समस्याहरू विशेष रूपमा उल्लेख गरिएको पाइयो । प्रस्तुत अध्ययनमा निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजा न्यून बनाउन जिम्मेवार शिक्षण सिकाइ क्षेत्रमा रहेका समस्याहरूको विषयमा गहन अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

विद्यार्थीहरूले प्राप्त गरेको सिकाइ उपलब्धीको मूल्याङ्कनका लागि डेनियल स्टफलवीमको CIPP Model प्रयोग गर्न सकिन्छ । CIPP Model को नामाकरण यी मूल्याङ्कनहरूको पहिलो अक्षरबाट भएको हो । यसको संक्षेपीकृत स्वरूप निम्नानुसार छ :

C= सन्दर्भ मूल्याङ्कन (Context)

I= लगानी मूल्याङ्कन (Input)


P= प्रक्रिया मूल्याङ्कन (Process)

P= उत्पादन मूल्याङ्कन (Product)

CIPP Model का शुरुवातकर्ता डेनियल स्टफलवीम र इगत ग्युबा (१९७१) हुन् । यो धारणा मूल्याङ्कनका लागि ज्यादै प्रचलित छ । स्टफलवीमले नै यो धारणाको विकास गराृउन प्रयास गरे । उनका अनुसार मूल्याङ्कन एउटा प्रक्रियाको रेखात्मक रूप हो, जसले प्राप्त गरेको र उपयोगिताका निर्णयको विकल्पहरू निर्धारण गर्दछ (ज.ब.रा., श्रेष्ठ, रञ्जितकार, २०६४ बाट उदृत) ।

सन्दर्भ मूल्याङ्कन (Context Evaluation) ले सम्बन्धित सन्दर्भको बारेमा मूल्याङ्कन गर्दछ । लगानी मूल्याङ्कनले शिक्षामा गरिएको लगानीको मूल्याङ्कन गर्दछ भने उपलब्धी मूल्याङ्कनले सम्पूर्ण कार्यको उपलब्धी तथा उत्पादनको मूल्याङ्कन गर्दछ । समग्रमा परिवेश, लगानी, प्रक्रिया र उत्पादन मूल्याङ्कनले क्रमशः पूर्वकार्यबाट निर्माणत्मक मूल्याङ्कन गर्न, वर्तमान कार्यको लागि निर्णयात्मक मूल्याङ्कन गर्न र मापन गर्नका साथै निर्णय दिन सहयोग पुऱ्याउँछ ।

परिवेश, लगानी, प्रक्रिया, उत्पादन मूल्याङ्कनबाट पृष्ठपोषण निर्माणात्मक मूल्याङ्कनका हुन्छ भने त्यसबाट शैक्षिक कार्यक्रमको मूल्याङ्कन गर्न सहयोग पुग्दछ । यसलाई तलको तालिकाद्वारा प्रष्ट पार्ने प्रयास गरिएको छ ।




स्रोत : ज.व.रा., श्रेष्ठ, रञ्जितकार, २०६४ बाट उद्दृत)

**सन्दर्भ मूल्याङ्कन** : सामान्यतया सन्दर्भ मूल्याङ्कन योजना निर्धारण गर्ने उद्देश्यले गरिन्छ । कुनै पनि योजनाको औचित्य एवम् आवश्यकताको निर्धारण सन्दर्भ मूल्याङ्कन अन्तर्गत पर्दछ । योजना तथा कार्य ठीक छ, छैन, सान्दर्भिक छ की छैन, आवश्यकतासँग मेल खान्छ कि खाँदैन भनी योजना पूर्व पूर्वाधारका रुपमा गरिने मूल्याङ्कन भन्निछ । यस अन्तर्गत गरिने निर्णयहरू सन्दर्भ ठीक छ छैन निर्णय लिनु, योजनाको निर्माण लिनु, योजनाको उपयुक्तताको निर्णय लिनु, शैक्षिक उद्देश्यको निर्धारणमा सहयोग पुऱ्याउनु, योजना वा कार्याक्रमको उपदेयता, आवश्यकताबोध गर्नु, योजनाको व्यवहारिकता र प्रमाणिकताका बारेमा धारणा बसाल्नु ।

**लगानी मूल्याङ्कन** : कुनै पनि सञ्चालन गर्न आवश्यक पर्ने भौतिक सुविधा, साधन र स्रोतहरू के कति मात्रामा उपलव्ध भयो त्यसको मूल्याङ्कन गर्ने प्रक्रियालाई लगानी मूल्याङ्कन भनिन्छ । भौतिक साधन र स्रोत, शिक्षक, विद्यार्थी, पाठ्यक्रम, तालिम, शैक्षिक उपलव्धिमा निर्भर गर्ने भएकाले योजना सञ्चालनको लागि आवश्यक पर्ने साधान र स्रोत संख्यात्मक एवम् गुणात्मक रुपमा तर्जुमा गर्न लगानी मूल्याङ्कन आवश्यक छ । यस अन्तर्गत विषयगत योग्य, दक्ष, तालिम प्राप्त शिक्षकहरू पर्याप्त छन्

छैनन्, भौतिक सुविधाहरूको समुचित व्यवस्था छ छैन, विषय एवम् पाठ्यपुस्तक अनुसार शैक्षिक सामग्री उपलब्ध छन् छैनन्, विद्यार्थीहरू कार्यक्रममा संलग्न एवम् सहभागी छन् छैनन्, पाठ्यक्रम पाठ्यपुस्तक शिक्षण प्रक्रिया रुचिपूर्ण छ छैन, योजना, प्रशासकीय व्यवस्था सञ्चालन, आर्थिक स्रोतको व्यवस्था छ छैन आदि निर्णयहरू लिइन्छ ।

**प्रक्रिया मूल्याङ्कन** : समुचित लगानी अनुरूप कार्यक्रमको प्रभावकारिता कार्यान्वयन गर्न निरन्तर गरिने मूल्याङ्कनलाई प्रक्रिया मूल्याङ्कन भनिन्छ । कुनै पनि योजनामा गरिएको लगानीलाई अधिकतम उपलब्धि हासिल हुने गरी कार्यान्वयन गर्ने प्रक्रिया मूल्याङ्कनको महत्त्वपूर्ण पक्ष हो । यसरी प्रक्रिया मूल्याङ्कन सञ्चालन वा कार्यान्वयन पक्षमा केन्द्रित रहन्छ । कार्यक्रममा आउने त्रुटि पत्ता लगाई तत्काल सुधार गर्ने अवसर प्रदान गर्दछ । प्रक्रिया मूल्याङ्कन अन्तर्गत निर्धारित कक्षा व्यवस्थापन या शैक्षिक प्रबन्ध, निर्धारित विषयगत उपलब्धि भएको छ छैन, शिक्षण विधि, शिक्षण क्रियाकलाप, शैक्षिक सामग्री उपयुक्त, व्यवहारिक, सुहाउँदो, उद्देश्यमूलक छ छैन, शिक्षण क्रियाकलापमा विद्यार्थी सहभागिता छ छैन, हेरचाह, निर्देशनात्मक एवम् सुपरिवेक्षणात्मक कार्यको जाँच भएको छ छैन, कार्यक्रम सुधारको आयोजना नीति, कार्यक्रम, उचित शैक्षिक प्रशासन र व्यवस्थापनको कार्यान्वयन भएको छ छैन, भौतिक स्रोत साधनको पर्याप्तता, उचित व्यवस्थापन, उचित उपयोग भएको छ छैन, शिक्षक विद्यार्थी बीचको प्रभावकारी सम्बन्ध एवम् अन्तर्क्रिया भएको छ छैन आदि कुराहरूको निर्णय लिइन्छ ।

**कार्यक्रमको प्रभावकारिता वा उपलब्धि मूल्याङ्कन** : कार्यक्रम के कति सफल भयो त्यसको लेखाजोखा गर्ने प्रक्रियालाई उपलब्धि मूल्याङ्कन भनिन्छ । शैक्षिक सत्रको अन्तमा शैक्षिक संस्थाले प्राप्त गरेको उपलब्धिको सही लेखाजोखा गर्न आवश्यक हुन्छ । विद्यालय स्तरको शैक्षिक उपलब्धिको मूल्याङ्कन आन्तरिक एवम् बाह्य दुवै मूल्याङ्कनको तरिका अपनाई गर्न सकिन्छ । कार्यक्रम, लगानी, प्रक्रिया मूल्याङ्कन पश्चात् उपलब्धि मूल्याङ्कन गरिन्छ । उपलब्धि मूल्याङ्कन अन्तर्गत दक्ष एवम् पूर्ण उत्पादन लेखाजोखा गर्ने, असफल हुने विद्यार्थीको लेखाजोखा गरी कारण पत्ता लगाउने र उपचारको बाटो खोज्नु, विद्यालयबाट निष्कासित विद्यार्थीको अभिलेख राख्नु र उपचारको उपाय खोज्नु, विद्यार्थीको स्तर निर्धारण गर्नु, कक्षागत, तहगत, विषयगत उपलब्धि पत्ता

लगाउनु, शैक्षिक लगानी र उत्पादनको अनुपात केलाई आगामी कार्यक्रममा सुधार गर्दै लैजानु, सम्पूर्ण कार्यक्रमको उपलब्धि मूल्याङ्कन गर्नु, सम्पूर्ण विषयका नतिजा लेखाजोखा गर्नु आदि निर्णयहरू गरिन्छन् (ज.ब.रा., श्रेष्ठ र रञ्जितकार, २०६४) ।

यसरी शिक्षाको लगानीलाई सन्दर्भ, लगानी, प्रक्रिया, मूल्याङ्कन (CIPP) को रूपमा लिइएको छ । जसको फलस्वरूप विद्यालयमा लगानी मात्र गरेर हुँदैन, त्यसको प्रभावकारी रूपमा कार्यान्वयन भयो भने मात्र उत्पादन पनि प्रभावकारी रूपमा हुन्छ । त्यसैले यस अध्ययनलाई मूल्याङ्कनका लागि स्टफलवीमको सिद्धान्तसँग सम्बन्धित गरी अध्ययन गरिएको छ ।

## २.३ पूनरावलोकनको उपादेयता

आज राष्ट्रिय रुपमा नै निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजा न्यून हुँदै गइरहेको तथा त्यसलाई सुधार गर्नु पर्ने आवश्यकताको बारेमा आवाज उठ्न लागेको परिप्रेक्ष्यमा सम्बद्ध विषयमा लेखिएका विभिन्न लेख रचना एवम् पुस्तकहरूको अध्ययनले प्रस्तुत अध्ययनलाई तात्विक निष्कर्षमा पुऱ्याउन तथा निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा प्रभाव पार्ने पक्षहरू निर्धारण गर्न साथै उपलब्धि उच्च पार्न अपनाउनु पर्ने उपायहरू सिफारिस गर्न थप मद्दत पुऱ्याएको छ । यसका साथै अध्ययन गरिएका सैद्धान्तिक सामग्रीले प्रस्तुत अध्ययनको सैद्धान्तिक आधारशिलाको रुपमा कार्य गरेका छन् ।

पूर्वसाहित्यको समीक्षाबाट प्राथमिक विद्यालय तथा देखिएका सिकाइ उपलब्धिमा प्रभाव पार्ने पक्षहरूको तादात्म्यता निम्न माध्यमिक तहमा छ वा छैन, के, कति कुराहरूले निम्न माध्यमिक तहमा समेत प्रभाव पारेका छन् वा साझा पक्षहरू के के छन् र यस्ता पक्ष पहिल्याउन के कस्ता विधि/तरिकाहरू अपनाउन सकिन्छ भन्ने तहमा सघाउ पुऱ्याउनुका साथै निष्कर्षलाई विरोधाषपूर्ण हुनबाट अध्ययनकर्तालाई सतर्क गराएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययन खास गरी निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सिकाइ उपलब्धीको गुणात्मक विश्लोषण सँग सम्बन्धित छ । यो अध्ययनमा सुनसरी जिल्लाका १२ (बाह्र) स्रोतकेन्द्र भित्रका २५५ वटा निम्न माध्यमिक तह संचालनमा रहेका विद्यालयहरू मध्ये वलाहा स्रोतकेन्ध्र भित्रका नमूनामा परेका विद्यालयहरूको कक्षा ८ को जिल्लास्तरीय परीक्षँको शैक्षिक उपलब्धीको गुणत्मक विश्लेषण गरिएको छ । यस अध्ययनलाई उचित निश्कर्षमा पुऱ्याउन गुणात्मक एवं परिमाणात्मक अनुसन्धान विधि प्रयोग गरी वर्णानात्मक विधिद्धारा प्रस्तुत गरिएको छ ।

## ३.२ जनसंख्या

यस जिल्लामा १३४ वटा सामुदायिक विद्यालय र १२१ वटा संस्थागत विद्यालयहरूले निम्नमाध्यमिक उत्तीर्ण परीक्षामा सामेल भइसकेको छन् । (जि.शि.का., सुनसरी २०६८) । सुनसरी जिल्लाका निम्नमाध्यमिक उत्तीर्ण परीक्षामा  संलग्न भएका २५५ वटै नि.मा.तह संचालन भएका विद्यालयहरूको अध्ययन गर्न आर्थिक एवं प्राविधिक कारणले गर्दा असमर्थ हुने भएको यस अध्ययनलाई अगाडी बढाउन सुनसरी जिल्ला अन्तर्गत वलाहा श्रोतकेन्द्र भित्रका २०६४, २०६५, २०६६, २०६७ सालमा निम्नमाध्यमिक परीक्षा उत्तीर्ण परीक्षामा संलग्न भएका सामूदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापक एवं शिक्षकहरू, वि.व्य.स.अध्यक्षहरू, विद्यार्थीहरू, अभिभावकहरूलाई यस अध्ययनको जनसंख्याको रूपमा लिइएको छ ।

## ३.३ नमुना छनोट

यस अध्ययनको लागि सुनसरी जिल्लामा संचालित समुदायिक तथा संस्थागत विद्यालयहरूलाई आकारको रूपमा लिइएको छ । निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा समेल हुने विद्यालयका विद्यार्थीहरूको प्राप्त सिकाइ उपलब्धीको अध्ययन एवं विश्लेषण गर्न सुनसरी जिल्ला भरिका १२ वटा स्रोतकेन्द्र मध्ये वलाहा स्रोतकेन्द्रलाई छनौट गरिएको छ । सिमित स्रोत, साधन, समय र आर्थिक एवं प्राविधिक कारणले गर्दा यस

स्रोतकेन्द्र भित्रका निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा सामेल हुने सामुदायिक विद्यालय तर्फका १२ वटा र संस्थागत विद्यालय तर्फका १३ वटा विद्यालयहरू मध्येबाट ३/३ वटा विद्यालयहरू, ती विद्यालयहरूका प्र.अ., प्रत्येक विद्यालयका २/२ जना शिक्षकहरू, प्रत्येक विद्यालयका वि.व्य.स.अध्यक्षहरू, २/२ जना विद्यार्थीहरू र तीनका अभिभावकहरूलाई नमूना जनसंख्याको रूपमा लिइएको छ ।

सुनसरी जिल्लाको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा सामेल हुने विद्यालयको सिकाइ उपलब्धीको अध्ययन एवं विश्लेषण गर्न उद्देश्यमुलक नमूना छनौट विधिको आधारमा वलाहा स्रोतकेन्द्रलाई छनौट गरिएको छ । यस स्रोतकेन्द्र अन्तर्गत कक्षा ८ संचालन भएका १२ वटा सामुदायिक विद्यालयहरू मध्ये समान्य सम्भावनायुक्त नमूना छनौट विधिद्धारा ३ वटा विद्यालय र १३ वटा संस्थागत विद्यालयहरू मध्ये ३ वटा गोलाप्रथाद्धारा छनौट गरिएको छ भने ती २/२ जना शिक्षक, २/२ जना विद्यार्थी र २/२ जना अभिभावकहरूलाई पनि गोलाप्रथाद्वारा नै छनोट गरिएको छ । साथै उद्देश्यमूलक नमुना छनोट विधिद्वारा प्रत्येक विद्यालयका प्र.अ. र वि.व्य.स.अध्यक्षको छनोट गरिएको छ ।

यस अनुसन्धानमा नमुना छनोट अन्तर्गत बलाहा स्रोत केन्द्र भित्र रहेका ३ वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालयलाई भौगोलक सुगमता, अनुसन्धानकर्ताको कार्य क्षेत्र, सिमान्तकृत, दलित तथा जनाजाति समुदायका विद्यार्थीको बाहुल्यता साथै स्रोत साधन र समयको परिधि भित्र रहेर कार्य गर्न सक्ने गरी अध्ययनको आधार बनाइने छ ।

### ३.४ अनुसन्धानका साधनहरू

यस अध्ययनमा नमूना छनोटमा परेका सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा प्रत्यक्ष गई वि.व्य.स.अध्यक्ष, प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकहरूलाई भेला गराई उनीहरूलाई प्रश्नावली भराई तथ्याङ्क संकलन गरियो । जसलाई अनुसूची १, २, ३, ४ र ५ मा देखाइएको छ ।

## ३.५ तथ्याङ्कको स्रोत

### ३.५.१ प्राथमिक स्रोत

छनौट गरिएका विद्यालयमा स्थलगत भ्रमण गरेर विद्यार्थी संख्या, विद्यार्थीको उपलब्धी, शैक्षिक सामाग्री निर्माण र प्रयोग, विद्यालयको भौतिक अवस्था आदि सम्बन्धि तथ्यांक सकंलन गरिएको छ । छनौट भएका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकहरूसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावलीहरू प्रयोग गरिएको छ ।

### ३.५.२ द्वितीय साधनहरू

जिल्ला शिक्षा कार्यालय, सुनसरीबाट जिल्लाभरीको २०६४ देखि २०६७ सालसम्मको नि.मा.शि. उत्तीर्ण परीक्षाको नतीजा सम्बन्धि तथ्यांक लिइएको छ । छनौट भएका विद्यालयहरूबाट २०६४ सालदेखि २०६७ सालसम्मको ४ बर्षको नि.मा.शि. उत्तीर्ण परीक्षाको विद्यार्थीहरूले प्राप्त गरेको नतिजाको समष्टिगत लब्धांक विवरणहरू लिइएका छन् यसका अतिरिक्त अन्य आवश्यक सन्दर्भसामग्रीहरू उपयोग गरिएका छन् ।

## ३.६ तथ्याङ्ग संकलन विधि

तथ्याकं संकलनको क्रममा प्रश्नावली तथा फारामको प्रयोग गरिएको छ । हरेक विद्यालयबाट नि.मा.शि. उत्तीर्ण परीक्षाको मार्कलेजरबाट २०६४ देखि २०६७ सम्मको विद्यार्थीको शिकाई उपलब्धी (नतिजा) लाई तथ्याकं सकंलन फारामबाट लिइएको छ । नमूना छनैटमा परेका विद्यालयहरूका शिक्षासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षक, अभिभावक, विद्यार्थीसँग खुला प्रश्नावली भराउने तथा फाराम भर्ने सम्पूर्ण कार्य स्वम् अध्ययनकर्ताबाट गरिएको छ ।

## ३.७ तथ्याङ्ग विश्लेषण विधि

नि.मा.शि. उत्तीर्ण परीक्षामा सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धीको विश्लेषण एवम् अध्ययन गर्ने सिलसिलामा प्राप्त भएका प्राथमिक र द्धितीय तथ्याकंलाई गुणात्मक र व्याख्यात्मक रूपबाट विश्लेषण गरी परीमाणात्मक रूपमा संकलन हुन आएका तथ्यांकलाई तथ्याकंशास्त्रीय रूपमा विश्लेषण गरिएको छ । जसका लागि तालिका, स्तम्भचित्र आदि उपयोग गरिएका छन् । व्याख्या विश्लेषण गर्दा सुनसरी जिल्लाको वस्तुस्थितिको यथार्थ धरातलमा अध्ययनलाई केन्द्रित गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

यस परिच्छेदमा निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजा प्रस्तुत गरिएको छ । यसैगरी अध्ययन क्षेत्रको छनोटमा परेका ६ वटा माध्यमिक विद्यालयहरूका विद्यार्थीहरूले निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा प्राप्त गरेका प्राप्ताङ्कबाट सिकाइ उपलब्धिको लेखाजोखा गरी त्यसको वर्तमान अवस्था प्रस्तुत गरिएको छ । यसका साथै निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा प्रभाव पार्ने कारक तत्त्वहरूको विश्लेषण र नतिजामा सुधार गर्ने उपायहरू खोजी गरिएको छ । जसका लागि अध्ययन क्षेत्रबाट प्राप्त प्राथमिक तथा द्वितीय तथ्याङ्कलाई प्रयोग गरिएको छ । प्रस्तुत शोधपत्रमा राखिएका उद्देश्य अनुसारका बुँदाहरू तयार गरी आवश्यकता अनुसार तालिका प्रयोग गरी प्राप्त निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजालाई विभिन्न सिकाइका सिद्धान्तहरूको आधारमा तथा शैक्षिक चरहरूसँग सम्बन्धित गर्दै व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ४.१ निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजाको अवस्था

अध्ययन क्षेत्रका विद्यालयहरूको २०६४ सालदेखि २०६७ साल सम्मको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजाको अवस्था विद्यालयमा रहेको परीक्षाको मार्कलेजरबाट सङ्कलन गरिएको तथ्याङ्क, सूचना, धारणा, नतिजालाई क्रमैसँग उपयुक्त तालिकाको प्रदर्शन, विश्लेषण र व्याख्या निम्नानुसार गरिएको छ ।

### ४.१.१ सामुदायिक विद्यालयको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजा विश्लेषण

नमूना छनोटमा परेका ३ वटा सामुदायिक विद्यालयहरूमा शारदा उ.मा.वि., चन्द्रकमल उ.मा.वि. र सरस्वती मा.वि. बबियाको विगत ४ वर्षको परीक्षाफललाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. १

### श्री शारदा उ.मा.वि., वलाहा बाट २०६४-२०६७ सम्मको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको परीक्षाफल

| शैक्षिक सत्र | भर्ना भएका विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | अनुपस्थित | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| 2064 | 37 | 49 | 86 | 26 | 46 | 72 | 11 | 3 | 14 | 20 | 32 | 52 | 6 | 14 | 20 |
| 2065 | 87 | 89 | 172 | 75 | 82 | 157 | 8 | 7 | 15 | 61 | 70 | 131 | 14 | 12 | 26 |
| 2066 | 74 | 73 | 147 | 73 | 73 | 146 | 1 | | 1 | 37 | 54 | 91 | 36 | 19 | 55 |
| 2067 | 48 | 40 | 88 | 47 | 33 | 80 | 1 | 7 | 8 | 17 | 13 | 30 | 30 | 20 | 50 |
| hDdf | 242 | 251 | 493 | 221 | 234 | 455 | 21 | 17 | 38 | 135 | 169 | 304 | 86 | 65 | 151 |

*स्रोत : स्थलगत अध्ययन, २०६९ ।*

प्रस्तुत तालिकानुसार चार वर्ष सम्मको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतीजा हेर्दा २४२ छात्र र २५१ छात्रा गरी जम्मा ४९३ जना विद्यार्थीहरू मध्ये छात्र २२१ र छात्रा २३४ गरी जम्मा ४५५ ले परीक्षा दिएका थिए । परीक्षा दिएका विद्यार्थीहरू मध्ये १३५ छात्र र १६९ छात्रा गरी जम्मा ३०४ जना विद्यार्थी उत्तीर्ण भएको देखिन्छ । चार वर्षको औषत हेर्दा ६३.८६ प्रतिशत छात्रा उत्तीर्ण देखिन्छ । पछिल्लो समयमा आएर छात्र छात्रा दुवैको उत्तीर्ण प्रतिशत न्यून रहेको देखिन्छ ।

### तालिका नं. २

### श्री चन्द्रकमल उ.मा.वि., डुम्राहाबाट २०६४-२०६७ सम्मको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको परीक्षाफल

| शैक्षिक सत्र | भर्ना भएका विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | अनुपस्थित | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| 2064 | 85 | 130 | 215 | 84 | 126 | 210 | 1 | 4 | 5 | 59 | 96 | 155 | 25 | 30 | 55 |
| 2065 | 107 | 121 | 228 | 107 | 121 | 228 | 0 | 0 | 0 | 72 | 87 | 158 | 35 | 35 | 70 |
| 2066 | 99 | 112 | 211 | 96 | 111 | 207 | 3 | 1 | 4 | 30 | 37 | 67 | 66 | 74 | 140 |
| 2067 | 76 | 100 | 176 | 74 | 99 | 173 | 2 | 1 | 3 | 42 | 104 | 104 | 32 | 37 | 69 |
| hDdf | 367 | 463 | 830 | 361 | 457 | 455 | 6 | 6 | 12 | 203 | 484 | 484 | 158 | 176 | 334 |

*स्रोत : स्थलगत अध्ययन, २०६९ ।*

यसैगरी उल्लेखित तालिकाको विश्लेषण गर्दा विगत चार वर्षमा ३६७ छात्र र ४६३ छात्रा गरी जम्मा ८३० जना विद्यार्थीहरू श्री चन्द्रकमल उ.मा.वि. मा भर्ना भएकामा ३६१ छात्र र ४५७ छात्रा गरी जम्मा ८१८ जना विद्यार्थीहरू निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा समावेश भएका थिए । जसमध्ये २०३ छात्र र २८२ छात्रा गरी ४८४ जना उत्तीर्ण भएको देखिन्छ । परीक्षा दिएका छात्राहरू मध्ये ६१.७० प्रतिशत र छात्रहरू मध्ये ५६.२३ प्रतिशत विद्यार्थी उत्तीर्ण देखिन्छ । यसरी हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको उत्तीर्ण दर न्यून देखिन्छ । यस विद्यालयको विगत चार वर्षको औषत उत्तीर्ण ५८.८९ प्रतिशत, छात्रहरू र छात्राहरू औषत उत्तीर्ण क्रमशः ५६.५४ प्रतिशत र ६१.०१ प्रतिशत रहेको छ ।

## तालिका नं. ३

## श्री सरस्वती मा.वि., ववियाबाट २०६४-२०६७ सम्मको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको परीक्षाफल

| शैक्षिक सत्र | भर्ना भएका विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | अनुपस्थित | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| 2064 | 60 | 78 | 138 | 59 | 77 | 136 | 1 | 1 | 2 | 47 | 61 | 107 | 12 | 16 | 28 |
| 2065 | 76 | 90 | 166 | 72 | 88 | 160 | 4 | 2 | 6 | 62 | 77 | 139 | 10 | 11 | 21 |
| 2066 | 57 | 65 | 122 | 55 | 65 | 120 | 2 | 0 | 2 | 35 | 50 | 85 | 20 | 15 | 35 |
| 2067 | 53 | 67 | 120 | 50 | 67 | 117 | 3 | 0 | 3 | 29 | 39 | 67 | 21 | 28 | 49 |
| hDdf | 246 | 300 | 546 | 236 | 297 | 533 | 10 | 3 | 13 | 173 | 227 | 399 | 63 | 70 | 133 |

*स्रोत : स्थलगत अध्ययन, २०६९ ।*

माथि प्रस्तुत तालिका अनुसार विश्लेषण गर्दा श्री सरस्वती मा.वि., ववियामा विगत चार वर्षको अवधिमा छात्र २४६ जना र छात्रा ३०० जना गरी जम्मा ५४६ जना भर्ना भएका थिए । जस मध्ये २३६ जना छात्र र २९७ जना छात्रा गरी जम्मा ५३३ जना निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा समावेश भएकोमा १७३ जना छात्र र २२७ छात्रा उत्तीर्ण भएका थिए । परीक्षामा छात्रहरू मध्ये ७३.३० प्रतिशत र छात्राहरू मध्ये ७६.४३ प्रतिशत विद्यार्थी उत्तीर्ण देखिन्छ । ग्रामिण क्षेत्रमा रहेको यस विद्यालयको नतिजा अन्य विद्यालयसँग तुलना गर्दा राम्रो देखिन्छ । त्यस विद्यालयको विगत चार वर्षको औषत

उत्तीर्ण दर ७३.६३ प्रतिशत छात्रहरू र छात्राहरूको औषत उत्तीर्ण क्रमशः ७१.८५ प्रतिशत र ७५.४६ प्रतिशत रहेको देखिन्छ ।

माथि प्रस्तुत तीनवटै सामुदायिक विद्यालयहरूको विगत चार वर्षको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको उपलब्धिलाई तलको समष्टिगत तालिका तथा स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४**

**सामुदायिक विद्यालयको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (२०६४-२०६७) को समष्टिगत उपलब्धि**


| शैक्षिक सत्र | भर्ना भएका विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| >L zf/bf p=df=lj=, jnfxf | 242 | 251 | 493 | 221 | 234 | 455 | 135 | 169 | 304 | 86 | 65 | 151 |
| >L rGb\|sdn p=df=lj=, *'d\|fxf | 367 | 463 | 830 | 361 | 457 | 818 | 203 | 282 | 484 | 158 | 176 | 334 |
| >L ;/:jtL df=lj=, jljof | 246 | 300 | 546 | 236 | 297 | 533 | 173 | 227 | 399 | 63 | 70 | 133 |
| hDdf | 855 | 1014 | 1869 | 818 | 988 | 1806 | 511 | 678 | 1187 | 307 | 311 | 618 |

*स्रोत : स्थलगत अध्ययन, २०६९ ।*

शैक्षिक सत्र २०६४ देखि २०६७ सम्मको अवधि ३ वटा सामुदायिक विद्यालयहरूबाट १८०६ जना विद्यार्थीले निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा दिएकोमा ११८७ जना उत्तीर्ण र ६१८ जना अनुत्तीर्ण भएको तथ्य माथिको तालिकाले प्रष्ट्याएको छ । परीक्षामा समावेश ८१८ छात्र मध्ये ६२.४७ प्रतिशत उत्तीर्ण र ३७.५३ प्रतिशत अनुत्तीर्ण देखिन्छन् । यसैगरी परीक्षा दिएका ९८८ छात्राहरू मध्ये ६८.६२ प्रतिशत उत्तीर्ण र ३१.३८ प्रतिशत छात्राहरू अनुत्तीर्ण देखिन्छन् । यस तथ्यलाई तलको स्तम्भ चित्र एवं वृत्तचित्रद्वारा पनि प्रष्ट्याइएको छ ।

**चित्र नं. १**

**सामुदायिक विद्यालयको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको उपलब्धि (२०६४-०६७)**




तालिका नं. ५

सामुदायिक विद्यालयको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (२०६४-२०६७) को समष्टिगत उपलब्धि

| | >L zf/bf p=df=lj=, jnfxf | | | >L rGb\|sdn p=df=lj=, *'d\|fxf | | | >L ;/:jtL df=lj=, jljof | | |
|---|---|---|---|---|---|---|---|---|---|
| शैक्षिक सत्र | उत्तीर्ण प्रतिशत | अनुत्तीर्ण प्रतिशत | अनुपस्थित प्रतिशत | उत्तीर्ण प्रतिशत | अनुत्तीर्ण प्रतिशत | अनुपस्थित प्रतिशत | उत्तीर्ण प्रतिशत | अनुत्तीर्ण प्रतिशत | अनुपस्थित प्रतिशत |
| 2064 | 72=22 | 27=78 | 16=28 | 73=80 | 26=20 | 2=33 | 78=68 | 21=32 | 1=45 |
| 2065 | 83=43 | 16=57 | 8=72 | 69=29 | 30=71 | 0 | 86=88 | 13=12 | 3=61 |
| 2066 | 62=32 | 37=68 | 0=68 | 32=36 | 67=34 | 1=90 | 70=83 | 29=17 | 1=64 |
| 2067 | 37=50 | 62=50 | 9=09 | 60=11 | 39=89 | 1=70 | 58=11 | 41=89 | 2=50 |
| hDdf | 63=87 | 36=13 | 8=69 | 58=89 | 41=11 | 1=48 | 73=63 | 26=37 | 2=30 |

*स्रोत : स्थलगत अध्ययन, २०६९ ।*

प्रस्तुत तालिका विश्लेषण गर्दा तीनवटै विद्यालयको उत्तीर्ण दर शैक्षिक वर्ष २०६४ को तुलनामा २०६५ मा बढेको देखिन्छ । यो दर शैक्षिक वर्ष २०६५/०६६ मा

घट्दै गएको देखिन्छ । श्री शारदा उ.मा.वि., वलाहा को चार वर्षको औषत उत्तीर्ण दर ६३.८७ रहेको, श्री चन्द्रकमल उ.मा.वि., डुम्राहा को ५८.८९ प्रतिशत र श्री सरस्वती मा.वि., ववियाको ७३.६३ प्रतिशत देखिन्छ । यसै गरी श्री शारदा उ.मा.वि., वलाहाको अनुत्तीर्ण दर र अनुपस्थित दर क्रमशः ४१.११ र १.४८ प्रतिशत तथा सरस्वती मा.वि.को २६.३७ र २.३ प्रतिशत रहेको देखिन्छ । समग्रतामा हेर्दा सामुदायिक विद्यालयको औषत उत्तीर्ण दर, औषत अनुत्तीर्ण दर र औषत अनुपस्थित दर क्रमशः ६५.४६, ३४.५४ र ४.१६ प्रतिशत देखिन्छ ।

### ४.१.२ छनोटमा परेका तीनवटा संस्थागत विद्यालयहरूको निम्न माध्यमिक उत्तीर्ण परीक्षाको नतिजा विश्लेषण

**तालिका नं. ६**

**श्री सूर्यकिरण एकेडेमी, इनरुवा १० को २०६४-२०६७ सम्मको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको परीक्षाफल**

| शैक्षिक सत्र | भर्ना भएका विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | अनुपस्थित | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| 2064 | 12 | 6 | 18 | 12 | 6 | 18 | 0 | 0 | 0 | 12 | 6 | 18 | 0 | 0 | 0 |
| 2065 | 12 | 9 | 21 | 12 | 9 | 21 | 0 | 0 | 0 | 12 | 9 | 21 | 0 | 0 | 0 |
| 2066 | 15 | 10 | 25 | 15 | 10 | 25 | 0 | 0 | 0 | 14 | 10 | 24 | 1 | 0 | 1 |
| 2067 | 19 | 15 | 34 | 19 | 15 | 34 | 0 | 0 | 0 | 19 | 15 | 34 | 0 | 0 | 0 |
| hDdf | 58 | 40 | 98 | 58 | 40 | 98 | 0 | 0 | 0 | 97 | 40 | 97 | 1 | 0 | 1 |

*स्रोत : स्थलगत अध्ययन, २०६९ ।*

प्रस्तुत तालिका अनुसार चार वर्ष सम्मको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिना विश्लेषण गर्दा श्री सूर्यकिरण एकेडेमीबाट भर्ना भएका ५८ जना छात्र र ४० जना छात्रा मध्ये सबैले परीक्षा दिएका थिए । परीक्षा दिएका विद्यार्थीहरू मध्ये ५७ जना छात्र र ४० जना छात्रा गरी जम्मा ९७ जना उत्तीर्ण देखिन्छन् । अनुत्तीर्णमा शैक्षिक सत्र २०६५ मा १ जना छात्र मात्र देखिन्छन् । चार वर्षको औषत हेर्दा ९९ प्रतिशत विद्यार्थीहरू उत्तीर्ण देखिन्छन् । परीक्षा दिएका छात्रहरू मध्ये औषत ९८.३३ प्रतिशत छात्र

उत्तीर्ण र १.६७ प्रतिशत अुत्तीर्ण रहेका छन् भने छात्राहरूमा उत्तीर्ण दर शतप्रतिशत देखिन्छ । परीक्षामा समावेश कूल विद्यार्थीको १ प्रतिशत मात्र अनुत्तीर्ण देखिन्छन् । यस प्रकार यस विद्यालयको उत्तीर्ण दर हेर्दा उच्च देखिन्छ, अनुत्तीर्ण दर छात्रको मात्र देखिन्छ । यस विद्यालयमा भर्नाको स्थिती हेर्दा छात्राको तुलनामा छात्रहरूको भर्ना दर बढी देखिन्छ ।

**तालिका नं. ७**

**श्री सुनसरी एकेडेमी वविया- १ को २०६४-२०६७ सम्मको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको परीक्षाफल**

| शैक्षिक सत्र | भर्ना भएका विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | अनुपस्थित | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| 2064 | 14 | 5 | 19 | 14 | 5 | 19 | 0 | 0 | 0 | 14 | 5 | 19 | 0 | 0 | 0 |
| 2065 | 19 | 25 | 44 | 19 | 25 | 44 | 0 | 0 | 0 | 19 | 25 | 44 | 0 | 0 | 0 |
| 2066 | 31 | 18 | 49 | 31 | 18 | 49 | 0 | 0 | 0 | 31 | 18 | 49 | 0 | 0 | 0 |
| 2067 | 14 | 14 | 28 | 14 | 14 | 28 | 0 | 0 | 0 | 14 | 14 | 28 | 0 | 0 | 0 |
| hDdf | 78 | 62 | 140 | 78 | 62 | 140 | 0 | 0 | 0 | 78 | 62 | 140 | 0 | 0 | 0 |

*स्रोत : स्थलगत अध्ययन, २०६९ ।*

माथि प्रस्तुत तालिका हेर्दा चार वर्षको अवधिमा यस श्री सुनसरी एकेडेमी, वविया- १ स्कूलबाट भर्ना भएका ७८ जना छात्र र ६२ जना छात्रा गरी जम्मा १४० विद्यार्थीहरू निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा समावेश भएकोमा शतप्रतिशत उत्तीर्ण देखिन्छन् । भर्नाको स्थिती विश्लेषण गर्दा ५५.७१ प्रतिशत छात्र र ४४.२९ प्रतिशत छात्रा भर्ना भएका देखिन्छ । यसबाट छात्राको तुलनामा छात्रहरू यस विद्यालयमा बढी संख्यामा भर्ना भएको देखिन्छ ।

**तालिका नं. ८**

**श्री .कोशी पब्लीक इङ्गलीस वोर्डिङ्ग स्कुल, इनरुवा- ७ को २०६४-२०६७ सम्मको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको परीक्षाफल**

| शैक्षिक सत्र | भर्ना भएका विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | अनुपस्थित | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| 2064 | 5 | 4 | 9 | 5 | 4 | 9 | 0 | 0 | 0 | 5 | 4 | 9 | 0 | 0 | 0 | नेपाली माध्यम |
| 2065 | 22 | 22 | 44 | 22 | 22 | 44 | 0 | 0 | 0 | 22 | 22 | 44 | 0 | 0 | 0 | |
| 2066 | 18 | 13 | 31 | 18 | 13 | 31 | 0 | 0 | 0 | 18 | 13 | 31 | 0 | 0 | 0 | अंग्रेजी माध्यम |
| 2067 | 5 | 4 | 9 | 5 | 4 | 9 | 0 | 0 | 0 | 5 | 4 | 9 | 0 | 0 | 0 | |
| hDdf | 76 | 65 | 141 | 76 | 65 | 141 | 0 | 0 | 0 | 76 | 63 | 139 | 0 | 2 | 2 | |

*स्रोत : स्थलगत अध्ययन, २०६९ ।*

प्रस्तुत तालिका अनुसार श्री कोशी पब्लीक इङ्गलीस वोर्डिङ्ग स्कुल, इनरुवा- ७ मा नेपाली माध्यममा पठनपाठन हुने गरेको छ भने शैक्षिक सत्र २०६६ देखि नेपालीका अतिरिक्त अंग्रेजी माध्यममा पनि पठनपाठन हुने गरेको छ । उक्त दुवै माध्यमबाट विगत चार वर्षको अवधिमा ७६ जना छात्र र ६५ जना छात्रा भर्ना भएकामा सबैले निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा दिएका थिए । परीक्षा दिएका ७६ जना छात्र र ६५ जना छात्राहरू मध्ये ७६ छात्र र ६३ जना छात्रा उत्तीर्ण भएको देखिन्छ भने २ जना छात्रा मात्र अनुत्तीर्ण भएको देखिन्छ । चार वर्षको औषत उपलब्धि हेर्दा ९८.९६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । छात्रहरू शतप्रतिशत उत्तीर्ण भएका छन् भने छात्राहरूको औषत उत्तीर्ण दर ९९.२३ प्रतिशत देखिन्छ । भर्नाको स्थिती हेर्दा ५३.९० प्रतिशत छात्र र ४६.१० प्रतिशत छात्राहरू भर्ना भएका देखिन्छन् । यसबाट छात्राहरूको तुलनामा छात्रहरू बढी संख्यामा भर्ना भएका तथ्य प्रष्ट हुन्छ ।

**तालिका नं. ९**

**संस्थागत विद्यालयको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (२०६४-२०६७) को समष्टिगत नतिजा**


| शैक्षिक सत्र | भर्ना भएका विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| >L ;"o{ls/)f Ps]*]dL, Og?jf 10 | 58 | 40 | 98 | 58 | 40 | 98 | 57 | 40 | 97 | 1 | 0 | 1 |
| >L ;'g;/L Ps]*]dL, jljof 1= | 78 | 62 | 140 | 78 | 62 | 140 | 78 | 62 | 140 | 0 | 0 | 0 |
| >L sf]zL kAnLs :s'n, Og?jf 7 | 76 | 65 | 141 | 76 | 65 | 141 | 76 | 63 | 139 | 0 | 2 | 2 |
| hDdf | 212 | 167 | 379 | 21 2 | 167 | 379 | 21 1 | 165 | 376 | 1 | 2 | 3 |

*स्रोत : स्थलगत अध्ययन, २०६९ ।*

शैक्षिक सत्र २०६४ देखि २०६७ सम्मको अवधिमा माथि उल्लेखित ३ वटा संस्थागत विद्यालयहरूमा ३७९ जना विद्यार्थीले निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा दिएकोमा २११ जना छात्र र १६५ जना छात्राहरू गरी कूल ३७६ जना विद्यार्थीहरू उत्तीर्ण भएको देखिन्छ । परीक्षा दिएका छात्रहरू मध्ये ९९.५३ प्रतिशत र छात्राहरू मध्ये ९८.८० प्रतिशत उत्तीर्ण भएको देखिन्छन् । परीक्षा दिएका मध्ये ०.४७ प्रतिशत र छात्रा १.२ % अनुत्तीर्ण देखिन्छन् । यस तथ्यलाई तलको स्तम्भ चित्रबाट प्रष्ट्याइएको छ ।

**चित्र नं. ३**

**संस्थागत विद्यालयहरूको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजा (२०६४-६७)**



**तालिका नं. १०**

**संस्थागत विद्यालयको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा प्राप्त परिणाम प्रतिशत तालिकामा**

| क.सं. | विद्यालय | श्री सूर्यकिरण एकेडेमी, इनरुवा १० | | | श्री सुनसरी एकेडेमी, वविया १ | | | श्री कोशी पब्लीक इङ्गलीस स्कुल, इनरुवा ७ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शै.सत्र | उत्तीर्ण % | अनुत्तीर्ण % | अनुपस्थित % | उत्तीर्ण % | अनुत्तीर्ण % | अनुपस्थित % | उत्तीर्ण % | अनुत्तीर्ण % | अनुपस्थित % |
| 1 | 2064 | 100 | - | - | 100 | - | - | 100 | - | - |
| 2 | 2065 | 100 | - | - | 100 | - | - | 100 | - | - |
| 3 | 2066 | 96 | 4 | - | 100 | - | - | 100 | - | - |
| 4 | 2067 | 100 | - | - | 100 | - | - | 95=83 | 4=17 | - |
| | cf}ift | 99 | 1 | - | 100 | - | - | 98=96 | 1=04 | - |

*स्रोत : स्थलगत अध्ययन, २०६९ ।*

प्रस्तुत तालिका विश्लेषण गर्दा तीनवटै विद्यालयका शुरुका दुई वर्षको उत्तीर्ण दर शतप्रतिशत देखिन्छ । त्यस पछिका वर्षहरूमा अत्यन्त न्यून संख्यामा मात्रै विद्यार्थीहरू अनुत्तीर्ण भएको देखिन्छ । विगत चार वर्षको श्री सूर्यकिरण एकेडेमी, इनरुवा १० को औषत उत्तीर्ण दर र अनुत्तीर्ण दर क्रमशः ९९ प्रतिशत र १ प्रतिशत, श्री सुनसरी एकेडेमी, वविया १ को उत्तीर्ण शतप्रतिशत तथा श्री कोशी पब्लीक इङ्गलीस स्कुल, इनरुवा ७ को उत्तीर्ण दर र अनुत्तीर्ण दर त्रमशः ९८.९६ प्रतिशत र १.०४ प्रतिशत देखिन्छ । तीनवटै विद्यालयमा अनुपस्थित दर शुन्य रहेको छ । समग्रतामा अध्ययन गर्दा संस्थागत विद्यालयको औषत उत्तीर्ण र र औषत अनुत्तीर्ण दर क्रमशः ९९.३२ प्रतिशत र ०.६८ प्रतिशत देखिन्छ । श्री कोशी पब्लीक इङ्गलीस स्कुल, इनरुवा ७ मा नेपाली माध्यममा पठानपाठन हुने भएता पनि अन्य सामुदायिक विद्यालयको तुलनामा उच्च उत्तीर्ण दर कायम गर्न सफल देखिन्छ ।

### ४.१.३ सामुदायिक र संस्थागत विद्यालयहरूको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजाको तुलनात्मक स्थिती

छनोटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयहरूले निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा विगत चार वर्षमा प्राप्त गरेको नतिजालाई माथि विभिन्न तालिका तथा चित्रहरूद्वारा छुट्टाछुट्टै रूपमा प्रस्तुत, व्याख्या एवं विश्लेषण्ण गरियो । माथिका विभिन्न तालिका तथा चित्रका आधारमा दुवै प्रकारका विद्यालयहरूको शैक्षिक वर्ष २०६४ देखि २०६७ सम्मको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजालाई तुलनात्मक रूपमा निम्न तालिका मार्फत देखाइएको छ ।


**तालिका नं. ११**
**सामुदायिक र संस्थागत विद्यालयहरूको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजाको तुलनात्मक स्थिती**

| क्र.सं. | विषय | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|---|
| 1 | भर्ना विद्यार्थी संख्या | 1869 | 379 |
| 2 | परीक्षामा समावेश विद्यार्थी संख्या | 1806 | 379 |
| 3 | परीक्षामा अनुपस्थित विद्यार्थी प्रतिशत (औषत) | 3=37% | - |
| 4 | उत्तीर्ण विद्यार्थी प्रतिशत (औषत) | 65=83 % | 99=21 % |
| 5 | अनुत्तीर्ण विद्यार्थी प्रतिशत (औषत) | 34=16 % | 0=79 % |


**चित्र नं. ५**

**सामुदायिक र संस्थागत विद्यालयहरूको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (२०६४-२०६७) को औषत नतिजा**


**क) सामुदायिक विद्यालयहरूको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको औषत नतिजा**




**ख) संस्थागत विद्यालयहरूको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको औषत नतिजा**



### ग) सामुदायिक र संस्थागत विद्यालयको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (२०६४-२०६७) को नतिजा




माथि प्रस्तुत तालिका अनुसार सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थीहरू मध्ये  औषत ४.१६ प्रतिशत विद्यार्थी निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा अनुपस्थित हुने गरेको र संस्थागत विद्यालयका विद्यार्थीहरू उक्त परीक्षामा अनुपस्थित नहुने गरेको तथ्य प्राप्त भएको छ ।सामुदायिक विद्यालयमा बढी विद्यार्थी भर्ना हुने गरेको, औषत ६५.४६ प्रतिशत उत्तीर्ण र औषत ३४.५४ प्रतिशत विद्यार्थी अनुत्तीर्ण हुने गरेको पाइएको छ भने संस्थागत विद्यालयमा कम संख्यामा विद्यार्थी भर्ना हुने गरेको, औषत ९९.३२ प्रतिशत उत्तीर्ण र औषत ०.६८ प्रतिशत अर्थात अत्यन्त न्यून संख्यामा अनुत्तीर्ण हुने गरेको यथार्थ प्राप्त भएको छ ।

### ४.१.४ सामुदायिक र संस्थागत विद्यालयका छात्र-छात्राहरूको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा प्राप्त नतिजाको तुलनात्मक स्थिति

नमूना छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयहरूको विगत चार वर्षको अवधिमा प्राप्त नतिजालाई माथि विभिन्न तथ्याङ्किय विधिद्धारा विश्लेषण गरियो । यसका आधारमा सामुदायिक र संस्थागत विद्यालयका छात्र तथा छात्राहरूको उक्त अवधिको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजालाई तुलनात्मक रूपमा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२**

**निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (२०६४-०६७) मा छात्र-छात्राहरूको नतिजा विवरण**

| क्र. सं. | विषयहरू | सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| 1 | भर्ना विद्यार्थी संख्या | 855 | 1014 | 1869 | 212 | 167 | 379 |
| 2 | परीक्षामा समावेश विद्यार्थी संख्या (औषत) | 818 | 988 | 1806 | 212 | 167 | 379 |
| 3 | परीक्षामा अनुपस्थित विद्यार्थी प्रतिशत (औषत) | 4=33 | 2=56 | | | | |
| 4 | उत्तीर्ण विद्यार्थी प्रातिशत (औषतमा) | 63=22 | 67=85 | | 99=43 | 98=97 | |
| 5 | अनुत्तीर्ण विद्यार्थी प्रतिशत (औषतमा) | 36=78 | 32=15 | | 0=57 | 1=03 | |
| | परीक्षामा उत्तीर्ण | 511 | 678 | 1189 | 211 | 165 | 376 |
| | परीक्षामा अनुत्तीर्ण | 307 | 311 | 618 | 1 | 2 | 3 |

माथि प्रस्तुत तालिका अध्ययन गर्दा विगत चार वर्षको अवधिमा ८५५ जना छात्र र १०१४ जना छात्रा सामुदायिक विद्यालयमा र २१२ जना छात्र र १६७ जना छात्रा संस्थागत विद्यालयमा भर्ना भएको देखिन्छ । सामुदायिक विद्यालयमा कूल भर्ना मध्ये ४५.७५ प्रतिशत छात्र र ५४.२५ छात्रा भर्ना भएका छन् भने संस्थागत विद्यालयमा २१२ जना छात्र र १६७ छात्रा गरी कूल ३७९ जना भर्ना भएका मध्ये कूल भर्नाको ५५.९४ प्रतिशत छात्र र ४४.०६ प्रतिशत छात्राहरू रहेका देखिन्छन् । भर्ना स्थिति हेर्दा सामुदायिक विद्यालयहरूमा बढी संख्यामा छात्राहरू संस्थागत विद्यालयहरूमा बढी संख्यामा छात्रहरू भर्ना भएका देखिन्छन् । यसले अन्य क्षेत्रमा जस्तै शिक्षाको क्षेत्रमा पनि लैङ्गिक असमानता र विभेद रहेको तथ्यलाई पुष्टि गर्दछ । यसै गरी सामुदायिक विद्यालयको परीक्षामा समावेश ९५.६७ प्रतिशत छात्रद्द र ९७.४४ प्रतिशत छात्रा रहेका छन् भने संस्थागत तर्फ शतप्रतिशत विद्यार्थी परीक्षामा समावेश छन् । सामुदायिक विद्यालयबाट निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षँमा छात्राको तुलनामा छात्रको अनुपस्थिती दर उच्च पाइएको छ । उत्तीर्ण विद्यार्थीको स्थिती हेर्दा सामुदायिक विद्यालयमा औषत ६३.२२ प्रतिशत छात्र र ६७.८५ प्रतिशत छात्रा उत्तीर्ण भएका छन् । यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्राहरूको उत्तीर्ण दर बढी छ भने छात्रहरूको कम छ । संस्थागत विद्यालयमा ९९.४३ प्रतिशत छात्र र ९८.९७ प्रतिशत छात्रा उत्तीर्ण भएका छन् । यसमा छात्राहरूको तुलनामा छात्राहरूको उत्तीर्ण दर थोरै बढी देखिन्छ । सामुदायिक तथा संस्थागत दुवै विद्यालयको तुलना गर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको उत्तीर्ण दर उच्च रहेको तथ्य प्रष्ट हुन्छ ।

### ४.२ निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा प्रभाव पार्ने कारक तत्त्वहरू

निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा प्रभाव पार्ने कारकहरू अन्तर्गत तीनवटा चरहरू सम्बन्धित विभिन्न सहायक पक्षहरूलाई समावेश गरी तयार गरिएको प्रश्नहरूबाट लिइएको सूचनाको प्रतिक्रियालाई यहाँ विश्लेषण गरिएको छ ।

#### ४.२.१ शैक्षणिक चरहरू

**शिक्षक विद्यार्थी**

शैक्षणिक चरहरू अन्तर्गत के कस्ता कमजोरी भएका कारणहरूले गर्दा विद्यार्थीहरूले निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा न्यून अङ्क प्राप्त गरेका छन् भने अनुसूचीमा प्रश्नावलीमा उल्लेख गरिएका विभिन्न शैक्षणिक चरहरूका पक्षहरू प्रयोग गरी अध्ययन क्षेत्रका विद्यार्थी, शिक्षक, प्र.अ., अभिभावक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूबाट प्राप्त विचार प्रस्तुत गरिएको छ ।

शैक्षिक कार्यक्रमको सफलता र असफलतालाई प्रभाव पार्ने पक्ष भनेको दक्ष जनशक्ति हुन् । उनीहरूको लिङ्ग, उमेर, स्वास्थ्य, अनुभव, बानी, योग्यता, क्षमता, विशेषताहरूले शैक्षिक कार्यक्रममा प्रभाव पारिरहेका हुन्छन् । उपर्युक्त संस्थागत चरहरू बारे अध्ययन क्षेत्रबाट प्राप्त सूचनाहरू प्रश्नावलीहरू प्रयोग गरी सरोकारवालाहरूबाट सङ्कलन गरी विश्लेषण गरिएको छ । प्राप्त सूचनामा विद्यार्थीहरूका अनुसार शिक्षकहरूको शिक्षण गर्ने शैली अप्रिय भएको र अनुभवको कमी भएका शिक्षकहरूद्वारा पठन पाठन भएको विचार व्यक्त गरेको, शिक्षकहरूका अनुसार विद्यार्थीहरूको अपरिपक्कता र लगनशीलतामा कमीका कारणले प्र.अ.का अनुसार सिकाइ उपलब्धि वृद्धि गर्न शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्ययोजना नबनाउनु र अभिभावकहरूका अनुसार शैक्षिक सामग्रीको प्रयोग, पाठ्यक्रम, Grid का आधारमा अभ्यास नगराएको कारणले र वि.व्य.स.का अध्यक्षहरूका अनुसार शिक्षकहरूद्वारा सिकाइ उपलब्धि वृद्धि गर्ने योजना नबन्नु, प्र.अ.को काम गर्ने शैली र व्यवस्थापन पक्षमा कमजोरी तथा राजनीतिक हस्तक्षेप, बन्द हडताल भएकाले विद्यार्थीहरूको परीक्षाको नतिजामा न्यून अङ्क प्राप्त गरेको विचारहरू प्राप्त भएका छन् ।

### ४.२.२ शिक्षण विधि

यस अध्ययनका क्रममा अध्ययन क्षेत्रका प्र.अ., शिक्षक, विद्यार्थीसँगको प्रश्नावलीबाट कक्षामा प्रयोग गरिने शिक्षण विधि सम्बन्धा पाइएको प्रतिक्रिया यसप्रकार छ ।

तालिका नं. १३

| प्रतिक्रिया | प्र.अ. | | शिक्षक | | विद्यार्थी | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| छलफल विधि | 2 | 33=33% | 3 | 25% | 4 | 33=33% | |
| शिक्षक केन्द्रित विधि | 2 | 33=33% | 6 | 50% | 4 | 33=33% | |
| योजनाबद्ध शिक्षण | 2 | 33=33% | 3 | 25% | 0 | 0 | |
| प्रयोगात्मक शिक्षण विधि | 0 | 0 | 0 | 0 | 4 | 33=33% | |

माथिको तालिका अनुसार अधिकांश रूपमा विषय शिक्षणमा शिक्षक केन्द्रित विधि तथा छलफल विधिको प्रयोग भएको देखिन्छ । नि.मा. तहको गणित, विज्ञान, अङ्ग्रेजी विषय शिक्षणमा अत्याधिक जोड दिनुपर्ने विद्यार्थी केन्द्रित विधि तथा समस्या समाधान विधि योजनाबद्ध शिक्षण तथा प्रयोगात्मक शिक्षण विधिको प्रयोगको अवस्था अत्यन्त निरासाजनक देखिन्छ ।

पियाजेको सिकाइ सिद्धान्तले "बालकलाई मौखिक रूपमा भनेर मात्र उसले गणितिय धारणा विकास गर्न सक्दैन । भौतिक क्रिया सिकाइका आधारहरूमध्ये एक हो । प्रभावकारी ढङ्गले सिक्नलाई बालकलाई एउटा मूकदर्शक मात्र नबनाई आवश्यक रूपले गणितीय क्रियाकलापमा सक्रिय रूपमा भाग लिन लगाउनु पर्दछ" भन्ने मान्यता राख्दछ ।

यस अध्ययनको यो प्राप्ति (गणित शिक्षणमा व्याख्यात्मक र छलफल विधिमात्र प्रयोग गरिएको) श्रेष्ठ (२०६३) को अध्ययनको निष्कर्ष "गणित विषयमा विद्यार्थी केन्द्रित विधि प्रयोग नगरिएको" सँग पूर्ण रूपमा मिलेको देखिन्छ ।

विद्यार्थीहरूमा विषयगत धारणा (गणित, विज्ञान, अङ्ग्रेजी) हरूको विकास तथा गणितिय विज्ञानका समस्या समाधान गर्न सिकाइलाई सरल, सहज र दिगो पार्न विद्यार्थी केन्द्रित शिक्षण विधि तथा समस्या समाधान विधि योजनाबद्ध शिक्षणका आधारमा कक्षा शिक्षण गरिनुको साटो शिक्षक केन्द्रित विधि तथा छलफल विधिमा बढी जोड दिएको देखिन्छ ।

### ४.२.३. शिक्षण सिकाइमा शैक्षिक सामग्रीको प्रयोग

विद्यार्थीलाई विषयवस्तुको सही ज्ञान तथा धारणा दिन शैक्षिक सामग्रीको आवश्यकता पर्दछ । शैक्षिक सामग्रीले शिक्षण सिकाइलाई आकर्षक र प्रभावकारी बनाउँदछ । यसको प्रयोगले विद्यार्थीहरूमा ठोस धारणाको विकास गराउँदछ ।

अध्ययन क्षेत्रका विद्यालयहरूा शिक्षण सिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीहरूको प्रयोग सम्बन्धमा सरोकारवालाहरूबाट प्राप्त प्रतिक्रियालाई यहाँ विश्लेषण गरिएको छ ।

तालिका नं. १४

| प्रतिक्रियादाता | सधैं | | प्रायः | | कहिलेकाहीं | | गरिदैन | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| विद्यार्थी | 0 | 0 | 0 | 0 | 8 | 66=67% | 4 | 33=33% |
| शिक्षक | 0 | 0 | 0 | 0 | 8 | 66=67% | 4 | 33=33% |

माथिको तालिका अनुसार कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग कमजोर छ । ६६.६७% प्र.अ.को प्रतिक्रिया अनुसार विद्यालयमा कम मात्रामा शैक्षिक सामग्री रहेको र बाँकी प्र.अ.का अनुसार विद्यालयमा शैक्षिक सामग्री नभएको प्रतिक्रिया पाइयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूलाई शिक्षकले हामीलाई थप सामग्री आवश्यक पर्यो

भन्नुभयो भने खरिद गर्न सकिएला ? भनी सोधिएको प्रश्नमा ३३.३३% ले खरिद गर्न नसकिने तथा ३३.३३% ले आजसम्म शिक्षकले यस्तो कुरा नभनेकाले त्यसपट्टि विचार नै नगरेको प्रतिक्रिया दिए । डायनिजको प्रत्यक्षीकरण विविधताको सिद्धान्त अनुसार विद्यार्थीमा गणितीय धारणा विकासका लागि शिक्षकले शिक्षण गर्दा बढी संज्ञानात्मक खुराकहरू उपस्थित गराउनु पर्छ । कमजोर विद्यार्थीले यसलाई सहजै ग्रहण गर्न नसक्ने भएकाले यस्ता विषयवस्तुलाई विभिन्न तरिकाबाट प्रस्तुत गरिनु पर्दछ । यसरी पर्याप्त संज्ञानात्मक खुराक विद्यार्थीलाई दिन नसकिएको कारणले विद्यार्थीहरूले गणित, विज्ञान जस्ता विषयका धारणाहरू सजिलै सिक्न सकिरहेका छैनन् ।

यस अध्ययनको प्राप्ति श्रेष्ठ (२०६३) को पर्याप्त गणितीय सामग्रीको प्रयोग नगरिएको र प्रश्न निर्माण कार्य सहि नभएको तथा माथेमा (२०६५) को विद्यालयमा बढी भन्दा बढी शैक्षिक सामग्रीको प्रयोग गरिनुपर्ने तथा प्रश्न निर्माणमा विशेष ध्यान दिइनु पर्ने तथ्यहरूको अध्ययन निष्कर्षसँग मेल खाएको देखिन्छ ।

यसरी शिक्षण सिकाइमा शैक्षिक सामग्रीको प्रयोग नगरिकन शिक्षण गराउदा सिकाइ प्रभावकारी हुन सक्दैन । शैक्षिक सामग्री प्रयोगले विद्यार्थीहरूमा गणित, विज्ञान जस्ता कठिन विषयको सिकाइमा पनि चाख बढ्नुका साथै स्वतन्त्र सिकाइ तथा विचारको अभिवृत्ति हुन्छ ।

### ४.२.४ परीक्षा तथा मूल्याङ्कन प्रणाली

परीक्षा तथा मूल्याङ्कन प्रणालीबारे सरोकारवालाहरूबाट प्राप्त सूचनालाई यहाँ विश्लेषण गरिएको छ ।

**क) विद्यार्थीको धारणा**

तालिका नं. १५

परीक्षा तथा मूल्याङ्कनबारे विद्यार्थीको धारणा

| qm=;+= | कारण | ;ª\Vof | k|ltzt |
|---|---|---|---|
| 1 | एउटै प्रश्नमा उपप्रश्नहरू हुनु | 4 | 33=33 |
| 2 | उत्तर दिन समय नपुग्नु | 4 | 33=33 |

| | | | |
|---|---|---|---|
| 3 | प्रश्नहरू जटिल हुनु | 3 | 25 |
| 4 | प्रश्नपत्र अस्पष्ट हुनु | 1 | 8=34 |

परीक्षामा सोधिने प्रश्नबारे विद्यार्थीले दिएको धारणा एउटै प्रश्नमा उपप्रश्नहरू हुनु तथा प्रश्नहरू जटिल हुनुमा बढी धारणा व्यक्त गरेको पाइयो ।

**ख) शिक्षकको धारणा**

यसबारे गणित शिक्षकको धारणा अनुसार परीक्षाफलको नतिजा विश्लेषण नहुनु, वस्तुगत प्रश्नहरू नहुनु र उत्तरपुस्तिका परीक्षण वैज्ञानिक नभएको कारण विद्यार्थीहरूले उत्कृष्ट अङ्क प्राप्त गर्न नसकेको विचार व्यक्त गर्नुभएको छ ।

**ग) प्र.अ.को धारणा**

प्र.अ.को अनुसार निरन्तर मूल्याङ्कन नियमित रूपले नभएको, विशिष्टीकरण तालिकाको प्रभावकारी प्रयोग नभएको कारण सिकाइ उपलब्धिमा ह्रास आएको विचार प्राप्त भएको छ ।

**घ) वि.व्य.स.को धारणा**

वि.व्य.स.का अध्यक्षका अनुसार प्रश्न लामो र धेरै उपप्रश्न भएको हुनु र जटिल प्रश्नहरू विद्यार्थीले नबुझ्ने भएकाले गणित, विज्ञान, अङ्ग्रेजी जस्ता मुख्य विषयको सिकाइ उपलब्धिमा नकारात्मक प्रभाव परेको विचार व्यक्त भएको पाइएको छ ।

**ङ) अभिभावकको धारणा**

जिल्ला स्तरीय परीक्षा प्रणाली अव्यवहारिक हुनु, प्रश्नहरू जटिल हुनु तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू नभएकाले सिकाइ उपलब्धिमा नकरात्मक प्रभाव परेको विचार व्यक्त गरेको पाइएको छ ।

**४.२.५ कक्षा अवलोकन तथा सुपरिवेक्षण**

शिक्षण सिकाइमा अवलोकन तथा सुपरिवेक्षणको मुख्य उद्देश्य तथा कार्य शिक्षण क्रियाकलापमा देखा परेका कमी कमजोरी तथा कठिनाइहरू हटाइ सिकाइ प्रक्रियामा

सुधार ल्याउन शिक्षकलाई सहयोग गर्नु हो । यसले विद्यार्थीहरूको अध्ययन तथा वृद्धि र विकासलाई असर पार्ने सम्पूर्ण तत्त्वहरूको बारेमा अध्ययन गरी तत्सम्बन्धी कमजोरीहरू सुधार गर्न दक्ष प्राविधिक सेवा प्रदान गर्दछ । अध्ययन क्षेत्रका विद्यालयहरूमा सुपरिवेक्षण तथा कक्षा अवलोकनका सम्बन्धमा प्राप्त सूचना यहाँ विश्लेषण गरिएको छ ।

तालिका नं. १६

कक्षा अवलोकन तथा सुपरिवेक्षण प्र.अ., शिक्षक, अध्यक्षको धारणा

| प्रतिक्रिया व्यक्त गर्ने | निरिक्षण | | कैफियत |
|---|---|---|---|
| | भएको छ | भएको छैन | |
| शिक्षक | – | 100% | कक्षा |
| प्र.अ. | 25% | 75% | कक्षा |
| अध्यक्ष | 25% | 75% | विद्यालय |
| प्र.अ. | 50% | 50% | विद्यालय |

यसरी शिक्षकहरूले विद्यालय निरीक्षक तथा प्र.अ.बाट आफ्नो कक्षा कहिले पनि निरीक्षण नभएको धारणा व्यक्त गरेको पाइयो । तर २५% प्र.अ. ले भने आफूले शिक्षकहरूको कक्षा अवलोकन गर्ने गरेको बताए भने ७५% ले आजसम्म कक्षा अवलोकन नगरेको प्रतिक्रिया व्यक्त गरेको पाइयो । ७५% अध्यक्ष तथा ७५% प्र.अ.ले आजसम्म कुनै पनि वि.नि.बाट आफ्नो विद्यालय निरिक्षण नभएको विचार व्यक्त गर्नुभएको छ । यो कुरा माथेमा (०६४) को अनुगमन र सुपरिवेक्षण त हामी कहाँ हुँदै हुँदैन, पृष्ठपोषणको चलन नै छैन तथा राम्रो पठनपाठनको वातावरण सृजना गर्न प्र.अ.को सक्षम नेतृत्व आवश्यक छ" भन्ने उक्तिसँग मेल खान पुगेको देखिन्छ ।

सुपरिवेक्षणको उद्देश्य शिक्षण सिकाइको क्रममा आएका समस्याहरू पत्ता लगाई त्यसको समाधान गरी शिक्षणमा सुधार गर्नु हो । यस्तो सुपरिवेक्षण प्रक्रिया नै नभएपछि कमी कमजोरी पत्ता लगाउने र त्यसको सुधार गर्ने प्रकृयाको थालनी नै हुँदैन । जसबाट गल्तीहरू दोहोरिँदै रहन्छन् र कमजोरीहरू बढ्दै जान्छन् । फलस्वरूप शिक्षण सिकाइको उद्देश्य प्राप्त गर्न सम्भव हुँदैन । जुन असफलताको एउटा कारण बन्न पुग्दछ ।

### ४.२.६ व्यवहारिक उद्देश्यहरू

ज्ञानात्मक, भावनात्मक र मनोक्रियात्मक उद्देश्यहरू विद्यार्थीहरूले निम्न माध्यमिक उत्तीर्ण परीक्षाको नतिजामा प्रभाव पार्ने कारणहरूमा व्यवहारिक उद्देश्यहरू अन्तर्गत ज्ञानात्मक, भावनात्मक र मनोक्रियात्मक उद्देश्यहरू जस्ता चरहरूका विभिन्न पक्षहरूमा उनीहरूको रुची, अभिवृद्धि, सोचाइ, संवेग, शारीरिक संयोजनबाट प्राप्त गर्ने सीप, ज्ञान तथा बौद्धिक सीपहरू पर्दछन् । यससँग सम्बन्धित विभिन्न प्रश्नावलीहरू प्रयोग गरी अध्ययन क्षेत्रबाट सङ्कलित सूचनाहरूलाई यहाँ विश्लेषण गरिएको छ । प्राप्त सूचना अनुसार विद्यार्थीहरूले दिएको विचारमा शिक्षकले गृहकार्य नदिने, गणित विज्ञान जस्ता विषय रुचिपूर्ण नभएको, शिक्षकहरूका अनुसार विद्यार्थीहरूमा पूर्ण ज्ञानको अभाव हुनु र प्र.अ.का अनुसार कक्षामा अध्ययन गरिने विषयवस्तु निरस र कठिन भएको तथा वि.व्य.स. अध्यक्षहरूका अनुसार शिक्षकहरूले राम्ररी नपठाएकाले र विद्यार्थीहरूले मेहनत नगरेको, अभिभावकहरूका अनुसार विद्यालयमा नियमित पढाइ नभएको विचार व्यक्त भएको छ । त्यसैगरी विद्यार्थीले पढ्न अल्छी गर्नु, उनीहरूमा विषयवस्तुबारे पूर्वज्ञानको अभाव हुनु, मानसिक संवेग तथा नकरात्मक सोचाइ मनमा आइरने जस्ता कारणले परीक्षाको नतिजामा प्रभाव पारेको विचार व्यक्त गरेका छन् ।

### ४.२.७ शैक्षिक व्यवस्थापन सम्बन्धी चरहरू

शैक्षिक कार्यक्रमको सफलता र असफलतालाई प्रभाव पार्ने पक्ष भनेको जनशक्ति हुन् । उनीहरूको लिङ्ग, उमेर, स्वास्थ्य, अनुभव, बानी, योग्यता, क्षमता जस्ता विशेषताहरूले शैक्षिक कार्यक्रमहरूमा प्रभाव पारिरहेको हुन्छ । उपर्युक्त संस्थागत चरहरूबारे अध्ययन क्षेत्रबाट प्राप्त सूचनाहरू प्रश्नावलीहरू प्रयोग गरी सरोकारवालाहरूबाट सङ्कलन गरी विश्लेषण गरिएको छ । प्राप्त सूचनामा विद्यार्थीहरूका अनुसार शिक्षकहरूको शिक्षण गर्ने शैली अप्रिय भएको र अनुभवको कमी भएका शिक्षकहरूबाट पठनपाठन भएको विचार व्यक्त गरे भने, शिक्षकका अनुसार विद्यार्थीहरूको अपरिपक्कता र लगनशीलतामा कमीको कारणले, प्र.अ.का अनुसार

सिकाइ उपलब्धि वृद्धि गर्न शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्ययोजना नबनाउनु र अभिभावकका अनुसार शैक्षिक सामग्रीको प्रयोग, पाठ्यक्रम, Grid का आधारमा अभ्यास नगराइएको कारणले र वि.व्य.स.अध्यक्षहरूका अनुसार शिक्षकहरूद्वारा सिकाइ उपलब्धि वृद्धि गर्ने योजना नबन्नु, प्र.अ.को काम गर्ने शैली र व्यवस्थापन पक्षमा कमी कमजोरी तथा राजनैतिक हस्तक्षेप, बन्द, हडताल भएकाले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा नकारात्मक असर परेको विचारहरू प्राप्त भएका छन् ।

अध्ययन क्षेत्रका ६ वटै विद्यालयहरूमा छनोटमा परेका १२ जना विद्यार्थीहरूबाट निम्न माध्यमिक उत्तीर्ण परीक्षाको नतिजामा प्रभाव पार्ने कारणहरू पत्ता लगाउन विद्यार्थीहरूको  शैक्षिक व्यवस्थापन सम्बन्धी धारणा यसप्रकार छन् :

### ४.२.९ सरोकारवालाहरूको धारणा

**क) विद्यार्थीको धारणा**

तालिका नं. १७

शैक्षिक व्यवस्थापनबारे विद्यार्थीको धारणा

| क्र.सं. | कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| 1 | कक्षाकोठा व्यवस्थापन प्रभावकारी नहुनाले | 4 | 33=33 |
| 2 | विद्यार्थीको जिज्ञासा समेट्न नसक्नाले | 2 | 16=67 |
| 3 | पुस्तकालयको यथोचित व्यवस्था नहुनाले | 2 | 16=67 |
| 4 | कोचिङ कक्षाको व्यवस्था नहुनाले | 4 | 33=34 |

माथिको तालिका अनुसार परीक्षाको नतिजामा प्रभाव पार्ने कारणहरूमा अनुसूची-१ को प्रश्नावली प्रयोग गरी विद्यार्थीहरूको धारणा लिदा ३३.३३% ले कक्षाकोठाको व्यवस्थापन प्रभावकारी नहुनुले, १६.६७% ले विद्यार्थीको जिज्ञासा समेट्न नसक्नाले, १६.६७% ले पुस्तकालयको यथोचित व्यवस्था नहुनुले र ३३.३४% ले कोचिङ कक्षाको व्यवस्था नहुनुले सिकाइ उपलब्धि न्यून भएको विचार व्यक्त गरेको पाइयो ।

**ख) शिक्षकको धारणा**

यसबारे शिक्षकको धारणा लिँदा कक्षाकोठा व्यवस्थापन प्रभावकारी नभएको, शैक्षिक सामग्रीको समूचित व्यवस्था नभएको, मुख्य विषयहरूमा अनुत्तीर्ण विद्यार्थीहरूलाई कक्षा चढाउने परिपाटीको कारणले, कोचिङ कक्षाको व्यवस्था नहुनाले, नियमित गृहकार्यको व्यवस्था तथा विद्यार्थीमा पूर्व ज्ञानको कमी, निम्न माध्यमिक उत्तीर्ण परीक्षा औपचारिकताका लागि मात्र हो जस्तो देखिनुले पनि नतिजामा प्रभाव पारेको विचार आएको छ ।

**ग) प्र.अ.को धारणा**

यस बारे प्र.अ.को धारणा लिदा निम्न माध्यमिक उत्तीर्ण परीक्षाको नतिजा न्यून हुनुमा सुपरीवेक्षणको व्यवस्था नहुनु र उत्प्रेरणा (पुरस्कार) को व्यवस्था नहुनु, उपयुक्त पुस्तकालयको व्यवस्था नहुनु तथा शैक्षिक सामाग्रीको व्यवस्था नहुनुले, पर्याप्त दरबन्दीको व्यवस्था नहुनुले नतिजा न्यून भएको विचार प्राप्त भएको छ ।

**घ) वि.व्य.स.अध्यक्षको धारणा**

यसबारे वि.व्य.स.अध्यक्षको धारणामा शिक्षकहरूले राम्ररी नपढाएकाले र विद्यार्थीले मिहेनत नगरेको, कक्षाकोठाको व्यवस्थापन प्रभावकारी नभएको, विद्यार्थीहरूमा पूर्व ज्ञानको कमी (अभाव) का कारणले निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा ह्रास आएको हो भन्ने देखिएको छ ।

**ङ) अभिभावकको धारणा**

यसबारे सम्बन्धित अभिभावकहरूका अनुसार निम्न माध्यमिक उत्तीर्ण परीक्षा प्रणाली नै अनुपयुक्त भएको, गणित, विज्ञान जस्ता मुख्य विषय नै गाह्रो हो भन्ने बुझाई रहेको र कोचिङ कक्षाको व्यवस्था र गृहकार्यको व्यवस्था नभएको कारणले नतिजामा असर गरेको भन्ने देखिएको छ ।

**४.२.१० शैक्षिक सङ्गठन**

अध्ययन क्षेत्रका विद्यार्थीहरूबाट प्राप्त जानकारी अनुसार अधिकांश विद्यार्थीहरूले सबै विषयलाई समान समय दिने नगरेको, घरदेखि विद्यालयसम्मको दुरी बढी हुनु, घरमा

पढ्न, गृहकार्य गर्न समय नपाएको बाबुआमालाई काम सघाउनु पर्ने विचारहरू व्यक्त गरेका छन् ।

**४.२.११ खर्च वा रकम**

अध्ययन क्षेत्रबाट प्राप्त सूचना अनुसार विद्यार्थीहरूको पठनका लागि आवश्यक खर्च पर्याप्त नभएको विचार व्यक्त गरेका छन् । शिक्षकका अनुसार विद्यार्थीहरूलाई अध्ययनका लागि आवश्यक खर्च न्यून भएको विचार व्यक्त गरेको पाइएको छ ।

**४.३ नतिजा सुधार गर्ने उपायहरू**

निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा सुधार ल्याउन के कस्ता उपायहरू अपनाउनु पर्छ भन्ने बारेमा अध्ययन क्षेत्रबाट प्राप्त प्रतिक्रियाहरू तल उल्लेख गरिएको छ ।

**क) विद्यार्थीको धारणा**

तालिका नं. १८

नतिजामा सुधार गर्ने उपायहरू

| क.सं. | कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| 1 | पर्याप्त शैक्षिक सामग्रीको उपलब्धता | 2 | 16=67% |
| 2 | उत्कृष्ट अङ्क ल्याउने विद्यार्थीलाई पुरस्कार | 2 | 16=67% |
| 3 | कम अङ्क ल्याउनेलाई कोचिङको व्यवस्था | 6 | 50% |
| 4 | विशिष्टीकरण तालिका अनुरूपको अभ्यास | 2 | 16=66% |

माथिको तालिका अनुसार निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा वृद्धि गर्ने उपायबारे विद्यार्थीले दिएको प्रतिक्रियामा १६.६७% पर्याप्त शैक्षिक सामग्री हुनुपर्ने, १६.६७% ले उत्कृष्ट अङ्क ल्याउनेलाई पुरस्कृत गर्नुपर्ने, ५०% ले कम ल्याउनेलाई कोचिङ कक्षाको व्यवस्था गर्नुपर्ने र १६.६६% ले विशिष्टीकरण तालिका अनुसार अभ्यास गराउनु पर्ने उपायहरू प्रस्तुत गरेको पाइएको छ ।

**ख) शिक्षकको धारणा**

निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा वृद्धि गर्ने उपायहरूबारे अध्ययन क्षेत्रका शिक्षकहरूको धारणा लिँदा विद्यार्थीका परिवारले उनीहरूलाई शान्त र अनुकूल शैक्षिक वातावरण दिनुपर्ने, घर तथा विद्यालयको पठनपाठनमा निगरानी गर्नुपर्ने, जिल्लास्तरीय परीक्षाका पुराना प्रश्नपत्रहरूबाट Dummy Exam सञ्चालन गर्नुपर्ने भन्ने सुझाव दिएको पाइएको छ ।

**ग) प्रधानाध्यापकको धारणा**

निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा वृद्धि गर्न कोचिङ कक्षा सञ्चालन गर्नुपर्ने, परीक्षा प्रणालीमा सुधार गर्नुपर्ने, विषय विशेषज्ञबाट बेलाबेलामा नमुना शिक्षण गराउनु पर्ने, नियमित प्रगति विवरण अभिभावक समक्ष पुऱ्याउनु पर्ने जस्ता अध्ययन क्षेत्रका प्रधानाध्यापकहरूले राख्नु भएको पाइएको छ ।

**घ) वि.व्य.स.अध्यक्षहरूको धारणा**

निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा वृद्धि गर्ने उपायबारे वि.व्य.स.अध्यक्षबाट प्राप्त प्रतिक्रिया अनुसार विद्यालयको शैक्षिक वातावरण स्वच्छ हुनुपर्ने अर्थात् विद्यालयमा राजनीतिक बन्द हडतालको प्रभाव नपार्नु पर्ने, कोचिङ कक्षा सञ्चालन गर्नुपर्ने, परीक्षा प्रणालीमा सुधार हुनुपर्ने विचार व्यक्त गर्नुभएको छ ।

**ङ) अभिभावकको धारणा**

निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा वृद्धि गर्ने उपायबारे अभिभावकहरूबाट प्राप्त प्रतिक्रिया अनुसार अतिरिक्त कक्षाको व्यवस्था हुनुपर्ने, गृहकार्यको व्यवस्था हुनुपर्ने र विद्यालयमा नियमित पढाइ हुनुपर्ने विचारहरू राख्नु भएको छ । त्यस्तै गरी संस्थागत विद्यालयको पठनपाठन शैली डरत्रास देखाएर दण्ड दिने प्रकृतिको भएकाले त्यसमा सुधार गर्नुपर्ने, विद्यालयको प्रशासन अधिनायकवादी चरित्रको हुने गरेकाले लोकतान्त्रिक बनाउनु पर्ने विचार व्यक्त गरेको पाइएको छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

यस परिच्छेदमा निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा प्रभाव पार्ने कारक तत्त्वहरूको अध्ययन गर्नका लागि शोधकर्ताले यो अध्ययन सुनसरी जिल्लाका छनोटमा परेका ३ वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालयहरूको सरोकारवाला व्यक्तिहरू, विद्यार्थी, शिक्षक, प्रधानाध्यापक र वि.व्य.स.अध्यक्षहरूबाट प्राप्त सूचना तथा ती विद्यालयका २०६४ सालदेखि २०६७ सालसम्मको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजाको मार्कलेजर तथा प्रतिक्रिया बुझ्ने क्रममा प्रयोग गरिएका प्रश्नावलीहरू अध्ययन गरी विद्यार्थीले प्राप्त गरेको नतिजा विश्लेषण पश्चात् प्राप्ति, निष्कर्ष र सुझावहरू समेत प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

सामुदायिक विद्यालयहरूको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको उत्तीर्ण दर घट्दै गएको पाइएको छ भने संस्थागत विद्यालयहरूको उत्तीर्ण दर सन्तोषजनक रहेको देखिन्छ । सामुदायिक विद्यालयहरूमा छात्राहरूको उत्तीर्ण दर बढी छ भने संस्थागत विद्यालयहरूमा छात्राहरूको उत्तीर्ण दर थोरै बढि देखिन्छ । भर्ना स्थिति हेर्दा सामुदायिक विद्यालयहरूमा बढी सङ्ख्यामा छात्राहरू र संस्थागत विद्यालयहरूमा बढी सङ्ख्यामा छात्रहरू भर्ना भएको देखिन्छ । यसले अन्य क्षेत्रमा जस्तै शिक्षाको क्षेत्रमा पनि लैङ्गिक असमानता र विभेद रहेको तथ्यलाई पुष्टि गर्दछ ।

निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा प्रभाव पार्ने कारक तत्त्वहरूमा शिक्षण क्रियाकलाप प्रभावकारी नहुनु, शैक्षिक सामग्री तथा सन्दर्भ सामग्रीहरू पर्याप्त नहुनु, पुस्तकालयको अभाव हुनु, योजनाबद्ध शिक्षण नहुनु, कक्षाकोठाको व्यवस्थापन प्रभावकारी नहुनु, उत्प्रेरणा र पुरस्कारको व्यवस्था नहुनु, मूल्याङ्कन प्रणाली फितलो, विद्यालयमा राजनीतिक बन्द हडतालले बाधा पुऱ्याउनु, पुराना प्रश्नहरूको आधारमा Dummy Exam सञ्चालन नगर्नु, परीक्षाफलको विश्लेषण नगर्नु आदि रहेको पाइएको छ ।

निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा सुधार गर्ने उपायहरूमा विद्यालयको शैक्षिक वातावरण स्वच्छ हुनुपर्ने, अतिरिक्त कक्षाको व्यवस्था हुनुपर्ने, परीक्षा प्रणालीमा सुधार गर्नुपर्ने, विषय विशेषज्ञबाट नियमित पढाइ हुनुपर्ने, पर्याप्त शैक्षिक सामग्रीको उपलब्धता, विशिष्टीकरण तालिका अनुसारको अभ्यास गराउने वातावरण सृजना भएमा सुनसरी जिल्लाको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा सुधार हुन जाने देखिन्छ ।

## ५.२ निष्कर्ष

निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा र सिकाइ उपलब्धिको विश्लेषण रहेको यस शोधपत्र अनुसार शोधकार्य गर्दा विद्यमान परीक्षा प्रणालीमा केही कमी कमजोरीहरू रहेको देखिन्छ । सामुदायिक विद्यालयका छात्रछात्राहरूको तुलनामा संस्थागत विद्यालयका छात्रछात्राहरूको सिकाइ उपलब्धि उच्च देखिन्छ । संस्थागत विद्यालयका छात्रहरू र छात्राहरूको उपलब्धिमा खासै भिन्नता नरहेको पाइयो । सामुदायिक विद्यालयको छात्रहरूको तुलनामा छात्राहरूको उपलब्धि केही उच्च देखियो । सामुदायिक विद्यालयमा विद्यार्थी चाप अत्याधिक छ तर लगानी अनुसार प्रतिफल कम देखिन्छ । सामुदायिक विद्यालयमा प्रभावकारी अनुगमनको अभाव एवम् स्थायी शिक्षकहरू हुने हुनाले पेशागत सुरक्षाका कारण शिक्षकहरू लगनशील देखिदैनन् । सामुदायिक विद्यालयमा छात्रा प्रतिशत बढी र संस्थागत विद्यालयमा छात्रा प्रतिशत कम हुनुले सुनसरी जिल्लामा लैङ्गिक विभेद अझै कायम रहेको देखिन्छ किन भने उनीहरू छोरालाई संस्थागत विद्यालयमा र छोरीलाई सामुदायिक विद्यालयमा भर्ना गर्ने गर्दछन् ।

## ५.३ सुझावहरू

निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा प्रभाव पार्ने कारक तत्त्वहरू शीर्षकमा तयार गरिएको प्रस्तुत शोध अध्ययनको नतिजाको विश्लेषणबाट प्राप्त निष्कर्षको आधारमा भविष्यमा निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा प्रभावपार्ने कारक तत्त्वहरू पत्ता लगाई नतिजामा सुधार गर्नका लागि नीतिगत तहमा कस्तो नीतिको आवश्यकता छ, कार्यान्वयन तहमा र यस विषयमा थप अनुसन्धान गर्नका लागि अनुसन्धान तह गरी तीन तहलाई सुझाव पेश गरिएको छ ।

### ५.३.१ नीतिगत तह

दक्ष तथा तालिम प्राप्त व्यक्ति मात्र शिक्षण पेसामा आउन सक्ने कानुनी एवम् नीतिगत व्यवस्था शिक्षा मन्त्रालयबाटै गरी अयोग्यलाई क्रमशः विस्तापित गर्दै जाने नीति लिइनु पर्छ । मन्त्रालयबाट शिक्षा नियमावलीले तोके बमोजिमका न्यूनतम दरबन्दी सबै विद्यालयमा उपलब्ध गराउने व्यवस्था गरिनु पर्दछ ।

तालिम प्राप्त व्यक्तिलाई मात्र शिक्षकमा नियुक्ति र नियुक्तिपछि समसामयिक तालिमको व्यवस्था गरिनु पर्छ । जि.शि.का.ले शिक्षक लगायत अन्य आवश्यक पूर्वाधारका आधारमा मात्र विद्यालय सञ्चालन अनुमति दिनु पर्दछ । उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई जि.शि.का.ले पुरस्कारको व्यवस्था गर्नुपर्ने, उत्कृष्ट शिक्षण गर्ने शिक्षकलाई मान सम्मान जस्ता गैर वित्तीय तथा वित्तीय पुरस्कारद्वारा उत्प्रेरित गर्नुपर्ने र न्यून नतिजा ल्याउने विद्यालयलाई थप अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था गरिनु पर्छ । जि.शि.का.ले परीक्षाफल प्रकाशन पश्चात् नतिजा विश्लेषण गरी आगामी वर्षमा नतिजा वृद्धि गर्न शैक्षिक योजना निर्माण गर्नु पर्दछ । जिल्ला शिक्षा कार्यालयबाट सघन अनुगमन गर्ने व्यवस्था हुनु पर्दछ । नि.मा.वि. उत्तीर्ण परीक्षालाई अझ व्यवस्थित रूपमा सञ्चालन गर्न शिक्षा विभागबाट परीक्षा व्यवस्थापन वापत बजेटको व्यवस्था गर्न सकेमा न्यून आर्थिक भएका विद्यार्थीहरू पनि लाभान्वित हुने थिए ।

### ५.३.२ कार्यान्वयन तह

जिल्लामा विगत लामो समयदेखि समस्याको रूपमा रहेको विषयगत दरबन्दि मिलान जिल्ला शिक्षा कार्यालयबाट गरिनु पर्ने जसबाट नतिजा सुधार्न केही हदसम्म योगदान पुऱ्याउन सकिन्छ । बर्षेनी तयार गरिने विद्यालय सुधार योजनामा सिकाइ उपलब्धी वृद्धि गर्ने उपयुक्त कार्यक्रम निर्माण गर्नुपर्ने, विद्यालयहरूले भौतिक सामग्री तथा पुस्तकालयको विकासमा प्राथमिकता दिइनु पर्ने देखिन्छ । यसबाट पाठ्यक्रममा राखिएका समग्र विषयको अध्ययन अध्यापनमा प्रभावकारिता आई नतिजा सुधार्न सहयोग पुग्दछ ।

परीक्षा समितिले प्रश्नपत्रको कठिनाई स्तर विश्लेषण गरी प्रश्नपत्र निर्माण गर्नुपर्दछ । उत्तरपुस्तिका परीक्षणको व्यवस्था वैज्ञानिक किसिमबाट गर्नु पर्नेछ । विद्यार्थीलाई घरायसी कामको बोझबाट अलग राखी अभिभावकहरूले पढ्ने समय उपलब्ध गराउनु पर्दछ ।

स्रोतकेन्द्र, जिल्ला तथा क्षेत्रिय स्तरमा गोष्ठी, सेमिनार कार्यशाला तथा तालिमको आयोजना गरी शिक्षकलाई बेलाबेलामा प्रशिक्षण गरिरहनु पर्दछ । तालिममा सिकेका सीप कक्षा कोठामा प्रयोग नगरेको प्र.अ. तथा वि.नि. स्रोतव्यक्तिबाट निरन्तर अनुगमन गरी पृष्ठपोषण दिइनु पर्दछ ।

शिक्षकले कक्षा शिक्षणमा पाठ्यक्रम, नमुना प्रश्नपत्रहरू, जिल्ला स्तरीय परीक्षाका पुराना प्रश्नपत्रहरू र विशिष्टीकरण तालिकालाई अध्याधिक प्रयोग गरी निरन्तर अभ्यास बढाउनु पर्दछ । पर्याप्त गृहकार्यको व्यवस्था गरिनु पर्दछ । विद्यालयले समय समयमा अभिभावक भेला राखी विद्यार्थीको सिकाइ उपलब्धीबारे जानकारी गराउने कार्य गर्नु पर्दछ ।

**५.३.३ अनुसन्धानात्मक तह**

यो अध्ययन सुनसरी जिल्लाको निम्न माध्यमिक विद्यालय स्तरीय परीक्षासँग सम्बन्धित भएकाले यस अध्ययनका परिणामलाई अन्य ठाउँमा वा राष्ट्रिय रूपमा हुबहु सामान्यीकरण गर्न सकिदैन । यस अध्ययनको सीमा, प्राप्ति र निष्कर्ष भित्र रही यसभन्दा अगाडि यसै विषयसँग गरिने अध्ययनका लागि निम्न अनुसार सुझाव प्रस्तुत गरिएको छ ।

यो अध्ययन सुनसरी जिल्लाको विगत चार वर्षको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजाको तुलनात्मक अध्ययन विश्लेषणमा सीमित रहेकाले यसभन्दा लामो अवधि सम्मको अध्ययन गर्नु उपयुक्त हुन्छ। यो अध्ययन मुख्यतः निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजासँग सम्बन्धित भए तापनि निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको आधारको रूपमा रहेको प्राथमिक तथा माध्यमिक तहमा पनि यस्तै किसिमको अध्ययन गर्न सकिन्छ र त्यसले यसलाई अझ बढी मजबुत तथा पृष्ठ पोषण प्रदान गर्दछ।

यो अध्ययन मूलतः कक्षा र उत्तीर्ण परीक्षासँग सम्बन्धित चार पक्षहरू व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ., शिक्षक, विद्यार्थीबाट प्राप्त उत्तरमा आधारित रहेकाले यस विषयसँग सम्बन्धित अन्य पक्ष जस्तै शिक्षा प्रशासन, सामाजिक कार्यकर्ता, राजनीतिक आदि सहभागी गराइएमा अध्ययन बढी नतिजाउन्मुख हुन सक्छ।

यो अध्ययन सम्भावनायुक्त नमुना छनोट विधिमा आधारित छ तर गणना विधिबाट सम्पूर्ण निम्न माध्यमिक विद्यालयहरूलाई सहभागी गराई अध्ययन गर्न सकिन्छ जसबाट अझ बढी यस विषयको प्रतिनिधित्व तथा विश्लेषण हुन सक्छ तथा यो अध्ययन विशेष गरी गुणात्मक प्रकृतिको भएको हुँदा उही विषयसँग सम्बन्धित तर वैज्ञानिक तथा परिमाणात्मक विश्लेषणमा आधारित भएर विभिन्न विषयगत सिकाइ उपलब्धि र विद्यार्थीको व्यवहार बीच परीक्षण/अध्ययन गर्नु उपयुक्त हुन सक्छ।

अन्त्यमा, परीक्षा परिणाममा प्रभाव पार्ने नकारात्मक तत्त्व उत्पन्न हुनका कारणहरू मात्रको खोजी गरी निराकरणका उपाय पत्ता लगाउन सकिन्छ।

## सन्दर्भ सामग्री


कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५९), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, टि.पी. (२०६०), *धनकुटा जिल्लाका कक्षा ६ मा अध्ययनरत विज्ञान विषयमा ग्रामीण र सहरीया विद्यालयका विद्यार्थीहरूको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन,* अप्रकाशित एम.एड. शोधपत्र, शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ज.ब.रा., स्वयम्प्रकाश र अन्य (२०६४), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

थापा, रामबहादुर (२०६०), *धनकुटा जिल्लाको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको परिणाममा प्रभाव पार्ने तत्त्वहरू एक अध्ययन,* अप्रकाशित एम.एड. शोधपत्र, शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, अर्जुन (२०६५), *सिन्धुपाल्चोक जिल्लाका निजी तथा सामुदायिक विद्यालयमा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन,* एम.एड.शोधपत्र, शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, रुद्रमणि (२०६५), *कास्की जिल्लाका सामुदायिक र संस्थागत विद्यालयहरूमा जिल्ला स्तरीय परीक्षाको विज्ञान विषयमा विद्यार्थीहरूले प्राप्त गरेको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन,* एम.एड. शोधपत्र, शिक्षा विभाग, त्रि.वि. ।

पौडेल, लेखनाथ (२०५५), *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०५२), *जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका कक्षा ८ को नेपाली भाषाका प्रश्नहरूको विश्लेषण,* अप्रकाशित एम.एड. शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

माथेमा, केदारभक्त (२०६४), *मुख्य कुरो स्कुलमा पढाइ हुनुपर्यो,* शिक्षक मासिक, फागुन अङ्क ।

*राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९),* राष्ट्रिय शिक्षा आयोग, केशरमहल काठमाडौँ ।

वाग्ले, टेकनाथ (२०५६), *माध्यमिक शिक्षा दिग्दर्शन,* काठमाडौँ : आशिष पुस्तक भण्डार ।

*विद्यालय क्षेत्र सुधार योजना (२०६६),* शिक्षा मन्त्रालय, केशरमहल काठमाडौँ ।

सेरिड (२००७), *फर्मेटिक अनुसन्धान परियोजना, अनुसन्धान प्रतिवेदनहरूको सार सङ्क्षेप,* काठमाडौँ : लेखक ।

शर्मा, गोपिनाथ (२०६०), *नेपालको शैक्षिक इतिहास,* काठमाडौँ : मकालु बुक्स एन्ड स्टेसनर्स ।

शर्मा, गोपिनाथ (२०५९), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू (२०११, २०१८, २०२८, २०३९, २०४९, २०५५ र २०५८),* पुतलीसडक काठमाडौँ : एम.के पब्लिसर्स एन्ड डिस्ट्रीब्युटर्स ।

शर्मा, गोपिनाथ (२०५६), *नेपालको शिक्षाको इतिहास,* काठमाडौँ : लुम्बिनी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी (२०५८), *शिक्षाका आधारहरू,* काठमाडौँ : एम.के पब्लिसर्स एन्ड डिस्ट्रीब्युटर्स ।

*शैक्षिक तथ्याङ्क सारांश* (०६४,०६५,०६६,०६७), सुनसरी : जिल्ला शिक्षा कार्यालय ।

*शैक्षिक झलक* (२०६८), सुनसरी : जिल्ला शिक्षा कार्यालय ।

श्रेष्ठ, जयराम (२०६३), *काभ्रेपलाञ्चोक जिल्लाको सामुदायिक विद्यालयहरूमा माध्यमिक तहको गणित विषयको उपलब्धि एक अध्ययन,* अप्रकाशित शोधपत्र, महेन्द्र रत्न क्याम्पस, ताहाचल ।

CERID (1989), *Performance Level of Public and Private School*, Kathmandu : Author.

CERID (1993), *Performance Level of Public and Private School*, Kathmandu : Author.

Gurung, Gem Prasad (2060), *A Study of the Problem Face by Secondary School Science Teacher in Classroom Teaching at Kaski district*, Unpublished M.Ed. Thesis, Submitted to FOE T.U., Kirtipur.

Pokhrel, R.R. (2060), *A Comparative Study of Science Achievement of Kathmandu district*, Unpublished M.Ed. Thesis, Submitted to FOE T.U., Kirtipur.

## अनुसूची १

## निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सिकाइ नतिजामा प्रभाव पार्ने कारक तत्त्वहरू

### प्र.अ.का लागि प्रश्नावली

**प्रधानाध्यापकको नाम :** ........................................................................

**विद्यालयको नाम :** ........................................................................

सही उत्तरमा (✓) चिह्न लगाउनुहोस् र खाली ठाउँमा सही उत्तर लेखिदिनुहोस् ।

१) तपाईंको विद्यालयमा शैक्षिक सामग्रीको पर्याप्तता कस्तो छ ?

क) पर्याप्त छ    ख) अलिअलि छ    ग) छैन

२) तपाईंको विद्यालयको निम्न माध्यमिक तहका शिक्षकहरूको तालिम र अनुभव कस्तो छ ?

क) तालिम प्राप्त    ख) आंशिक तालिम प्राप्त    ग) अप्राप्त

३) शैक्षिक व्यवस्थापनको कस्ता कमजोरीले निम्न माध्यमिक तहको परीक्षाको नतिजामा प्रभाव पारेको ठान्नुहुन्छ ?

क) विषयगत शिक्षकको दरवन्दी नहुनु    ख) सुपरिवेक्षणको व्यवस्था नहुनु

ग) उपयुक्त पुस्तकालयको व्यवस्था नहुनु    घ) उत्प्रेरणा र पुरस्कारको व्यवस्था नहुनु

४) तपाईं र शिक्षकका बीचमा विद्यार्थीको शैक्षिक उपलब्धिलाई सुधार गर्ने सम्बन्धमा वर्षमा कति पटक छलफल हुन्छ ?

क) प्रायः    ख) कहिलेकाहीँ    ग) आवश्यक परेमा    घ) हुँदैन

५) तपाईं वर्षमा कतिपटक कक्षा अवलोकन गर्नुहुन्छ ?

क) प्रायः    ख) कहिलेकाहीँ    ग) आवश्यक परेमा    घ) गर्दिन

६) तपाईको विद्यालयको निरीक्षण पुस्तिका अनुसार विद्यालय निरीक्षकबाट यो वर्षमा कति पटक अवलोकन भएको छ ?

क) एक पटक    ख) दुई पटक    ग) ....... पटक    घ) भएको छैन

७) तपाईंको विद्यालयको निम्न माध्यमिक उत्तीर्ण परीक्षाको नतिजा सुधार गर्न अब के गर्ने योजना छ ?

.........................................................................................................

८) तपाईंको विद्यालयमा निम्न माध्यमिक तहमा अत्याधिक प्रयोग गरिने शिक्षण विधि कुन हो ?

क) छलफल ख) व्याख्यान ग) समस्या समाधान घ) अन्य

## अनुसूची २

## निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सिकाइ नतिजामा प्रभाव पार्ने कारक तत्त्वहरू

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली

**अध्यक्षको नाम :** ..........................................................................

**विद्यालयको नाम :** ..........................................................................

सही उत्तरमा (✓) चिह्न लगाउनुहोस् र खाली ठाउँमा सही उत्तर लेखिदिनुहोस् ।

१) तपाईंका नानीहरू कुन विद्यालयमा पढ्छन् ?

क) यही विद्यालयमा ख) अन्य विद्यालयमा

२) तपाईंहरूको वि.व्य.स.बैठकमा निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजाबारे समीक्षा भयो कि भएन ?

क) भयो ख) भएन

३) शिक्षकले हामीलाई थप शैक्षिक सामग्री आवश्यक पर्‍यो भन्नुभयो भने खरिद गर्न सकिएला ?

क) आवश्यक छैन ख) सकिन्छ ग) सकिँदैन

घ) आजसम्म नभनेकाले त्यसपट्टि विचार गरेकै छैन ।

४) तपाईंको विद्यालयको कक्षा ८ को नतिजाबाट तपाईं सन्तुष्ट हुनुहुन्छ ?

क) वास्तै लाग्दैन ख) सन्तुष्ट छु ग) सन्तुष्ट छैन

५) धेरै विद्यार्थीले अङ्ग्रेजी र गणित विषयलाई कठिन विषय मान्दछन्, किन होला ?

क) कठिन विषय भएकाले ख) शिक्षकहरूले राम्ररी नपढाएकाले

ग) विद्यार्थीहरूले मेहनत नगरेकाले घ) .....................................

६) विद्यालयको कक्षा ८ को परीक्षाको नतिजाको स्थिति कस्तो छ ?

..........................................................................................................

....

..........................................................................................................

...

७) निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा प्रभाव पार्ने कारक तत्त्वहरू के-के हुन सक्छन् ?

..........................................................................................................

....

..........................................................................................................

...

८) निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा-८) को नतिजामा वृद्धि गर्ने उपायहरू के-के हुन सक्दछन् ?

..........................................................................................................

....

..........................................................................................................

...

९) तपाईं अध्यक्ष रहनु भएको अवधिमा विद्यालय निरीक्षक कति पटक विद्यालयमा उपस्थित भएको पाउनु भएको छ ?

..........................................................................................................

....

..........................................................................................................

...

## अनुसूची ३

## निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सिकाइ नतिजामा प्रभाव पार्ने कारक तत्त्वहरू

### शिक्षकका लागि प्रश्नावली

**शिक्षकको नाम :** ........................................................................

**विद्यालयको नाम :** ........................................................................

सही उत्तरमा (✓) चिह्न लगाउनुहोस् र खाली ठाउँमा सही उत्तर लेखिदिनुहोस् ।

१) तपाईं शिक्षण गर्दा शैक्षिक सामग्री कत्तिको प्रयोग गर्नुहुन्छ ?

क) सधैँ ख) कहिलेकाहीँ ग) कक्षा निरीक्षण भएमा घ) गर्दिन

२) तपाईंले सबैभन्दा बढी प्रयोग गर्ने गरेको शिक्षण विधि कुन हो ?

क) व्याख्यान विधि ख) छलफल विधि ग) समस्या समाधान घ) अन्य

३) विद्यालय निरीक्षकबाट वर्षमा कति पटक सम्म तपाईंको कक्षा निरीक्षण भएको छ ?

क) १ पटक ख) २ पटक ग) ३ पटक घ) अन्य

४) तपाईंलाई विद्यालय प्रशासनले शिक्षण सिकाइको सुधारका लागि के-कस्ता सुधार गरेको छ ?

क) शैक्षिक सामग्रीको व्यवस्था ख) अतिरिक्त कक्षाका लागि पारिश्रमिक

ग) तालिम घ) अन्य

५. आफ्नो पठनपाठन प्रति सन्तुष्टि हुनुहुन्छ ?

..........................................................................................................

६. आफ्नो विषय शिक्षणका लागि छोटो वा लामो अवधिको तालिम लिनुभएको छ ?

..........................................................................................................

७. विद्यालयले दिएको पारिश्रमिकबाट कतिको सन्तुष्ट हुनुहुन्छ ?

......................................................................................................................

८. निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा प्राय मुख्य विषयहरूमा विद्यार्थीहरू अनुत्तीर्ण हुने कारणहरू के के हुन् ?

क) शैक्षिक सामाग्रीको अपर्याप्तता

ख) परीक्षा प्रणाली तथा कमजोर अध्यापन

ग) परीक्षा सम्बन्धि उत्साहको कमी र अतिरिक्त क्रियाकलापको व्यवस्था नहुनु

घ) माथिका सवै

९. वर्तमान निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा संचालन प्रक्रियामा परिवर्तनको आवश्यकता छ की छैन् ? आफ्नो भनाई व्यक्त गर्नुहोस् ।

......................................................................................................................

१०. निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा धेरै विद्यार्थीहरू अनुत्तीर्ण हुनुमा दोषी को हो ?

क) विद्यार्थी ख) शिक्षक

ग) विद्यालय प्रशासन घ) अभिभावक .

११. अंग्रेजी, गणित, विज्ञान जस्ता प्रमुख विषयहरूमा विद्यार्थीहरूलाई बढी उत्तीर्ण गराउन तपाईले के के उपायहरू अपनाउनु भएको छ ?

......................................................................................................................

१२. वर्तमान निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा प्रणालीलाई सुधार गर्ने उपायहरू कुन होला ?

क) विषय विशेषज्ञबाट प्रश्नपत्र निर्माण गर्ने, वर्तमान प्रणालीलाई थप प्रभावकारी बनाउने ।

ख) विषयगत शिक्षक दरबन्दीको व्यवस्थालई प्रभावकारी बनाउने ।

ग) उत्तीर्ण विद्यार्थीको अनुपातमा शिक्षकलाई पुरस्कार र दण्डको नीति अपनाउने ।

घ) परीक्षा संचालन तथा व्यवस्थापनमा सुधार गरी अन्य आवश्यक सुधार गर्ने ।

ङ) माथिका सवै ।

१३. विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पर्ने तत्वहरू  के के हुन् ?

क) विद्यार्थी नियमितता र अनुशासन — ख) भौतिक पूर्वाधार

ग) शिक्षक-विद्यार्थी सम्बन्ध — घ) शिक्षण तालिम

१४. विद्यार्थीहरूको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरू कुन हो ?

क) विद्यालयको भौतिक व्यवस्थापन राम्रो हुनुपर्ने ।

ख) पाठ्यक्रम शिक्षक निर्देशिका, पाठ्यपुस्तक, पाठ्यसामाग्री समयमै उपलब्ध हुनुपर्ने ।

ग) शिक्षक तालिम, अतिरिक्त कक्षा संचालनको व्यवस्था, शैक्षिक सामाग्री निर्माण एवं प्रयोग गरिनुपर्ने ।

घ) पुस्तकालय र प्रयोगशालाको व्यवस्था

ङ) माथिका सवै

# अनुसूची ४

## निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सिकाइ नतिजामा प्रभाव पार्ने कारक तत्वहरू

## विद्यार्थीका लागि प्रश्नावली

१. यस विद्यालयमा पढ्नुपर्ने कारण के के हुन् ?

क) पठनपाठन राम्रो भएर ख) कम खर्च लाग्ने भएर

ग) बाबुआमाको इच्छाले

२. कक्षा शिक्षणमा शिक्षकले कुन शिक्षण विधिको प्रयोग बढी गर्नुहुन्छ ?

क) छलफल विधि ख) व्याख्यान विधि ग) योजनाबद्ध शिक्षण विधि घ) अन्य

३. निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा गणित अङ्ग्रेजी जस्ता मुख्य विषयका प्रश्नहरूमा के कस्ता कठिनाई भएकाले विद्यार्थीहरूले कम अङ्क प्राप्त गर्दछन् ?

क) प्रश्नपत्र अस्पष्ट हुनु ख) एउटै प्रश्नमा उपप्रश्न हुनु

ग) उत्तर दिने समय नपुग्नु घ) प्रश्नहरू जटिल हुनु

४. यस विद्यालयको पठनपाठन देखि तपाई सन्तुष्ट हुनुहुन्छ ?

.....................................................................................................................

५. तपाईले विद्यालयमा तिर्नुपर्ने शुल्क तिर्नु पर्छ की पर्दैन ?

.....................................................................................................................

६. शिक्षकले गृहकार्य दिने प्रवृत्ती कतिको छ ?

क) दिनु हुन्छ ख) दिनु हुन्न ग) कहिलेकाँही दिनु हुन्छ

७. गृहकार्य नबुझाएमा तपाईलाई शिक्षकले के गर्नुहुन्छ ?

क) सजाय गर्नुहुन्छ ख) केही गर्नुहुन्न ग) कहिलेकाँही सजाय गर्नुहुन्छ

८. कक्षामा शिक्षकहरूद्धारा शैक्षिक सामाग्री प्रयोग गर्नुभएको छ ?

क) गर्नु हुन्छ ख) गर्नु हुन्न ग) कहिलेकाँही मात्र गर्नुहुन्छ

९. कक्षा शिक्षणलाई प्रभावकारी बनाउन विद्यालयले के कस्ता कार्यहरू गरिदिनु पर्दछ ?

क) अतिरिक्त कक्षाको व्यवस्था ख) शैक्षिक सामग्रीको व्यवस्था

ग) विषयगत शिक्षकको व्यवस्था घ) माथिका सबै

१०. विद्यालय नियमित रुपमा उपस्थित हुनु हुन्छ ?

क) जान्छु ख) जान्न ग) कहिले काँही भ्याउँदिन

११. निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजा न्यून हुनका कारणहरू के-के हुन सक्छन् ?

..........................................................................................................

१२. यस विद्यालयको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नतिजामा वृद्धि गर्ने उपायहरू लेखिदिनुहोस् ।

..........................................................................................................

## अनुसूची ५

## निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सिकाइ नतिजामा प्रभाव पार्ने कारक तत्त्वहरू

## अभिभावकका लागि प्रश्नावली

१. तपाईको छोरा, छोरी जाने विद्यालयमा कुन हो ?

क) छोरा संस्थागत, छोरी सामुादयिक  ख) छोरा/छोरी दुवै सामुदायिक

ग) छोरी संस्थागत छोरा सामुदायिक  घ) छोरा/छोरी दुवै संस्थागत

२. छोरा/छोरीलाई यस विद्यालयमा पढाउनुको मूख्य कारण के हो ?

क) कमजोर आर्थिक स्थिती र खर्च कम लाग्ने भएकोले

ख) पढाई राम्रो भएर  ग) अंग्रेजी माध्यममा पढाई भएर

३. यस विद्यालयको विद्यार्थीको पोशाक अनिवार्यता कतिको छ ?

क) गरेको छ  ख) छैन  ग) थाहा छैन

४. आफ्नो छोरा छोरीलाई खाजा (टिफीन) को व्यवस्था गर्नु भएको छ ?

क) पठाउँछु  ख) पठाउँदिन  ग) कहिलेकाँही मात्र पठाउँछु

५. आफ्ना नानीहरूले सँधै गृहकार्य गर्ने गरेका छन ?

क) गर्छन्  ख) गर्दैनन्  ग) थाहा छैन

६. आफ्ना छोरा छोरीको पढाई प्रति सन्तुष्टि हुनुहुन्छ ?

क) छु  ख) छैन

७. आफ्ना नानीहरूको पठनपाठन बुझ्न विद्यालयमा कतिको जानुहुन्छ ?

क) १ पटक  ख) २ पटक  ग) ३ वा ३ भन्दा बढी पटक  घ) जाने गरेको छैन

८. आफ्ना नानीहरू पढ्ने विद्यालय (कक्षा ८) मा शिक्षण गर्ने शिक्षकको दक्षता कस्तो छ ?

क) सामान्य  ख) दक्ष, योग्य  ग) कमजोर  घ) अति कमजोर

९. शिक्षण सिकाईलाई बढी प्रभावकारी बनाउन जोड दिनुपर्ने कुरा के के हुन् ?

क) शिक्षकलाई तालिम दिएर ख) सुविधा बढी दिएर

ग) शैक्षिक व्यवस्थापनमा सुधार गरेर

घ) विद्यार्थीलाई नियमितता हुन सहयोग गरेर ङ) माथिका सवै

१०. निम्नमाध्यमिक तहमा विषयगत रूपमा शिक्षकहरूको व्यवस्था गरिएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

११. तपाइँको नानी पढाईमा कमजोर छ भने यसो हुनाको कारण के हो ?

क) शिक्षकले समयसम्म विद्यालयमा नपढाएर

ख) परीक्षा संचालनमा राम्रो व्यवस्थापन नभएर

ग) शिक्षक अभिभावक सम्पर्क नभएर

घ) नानी नियमित नभएर ङ) माथिका सवै

१२. निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा बढी विद्यार्थी उत्तीर्ण गराउनका लागि तपाईको सुझावहरू के छ ?

.............................................................................................................

# अनुसूची ६

## निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सिकाइ नतिजामा प्रभाव पार्ने कारक तत्त्वहरू

**विद्यालयको नाम : ..........................................................................**

**२०६४-२०६७ सम्मको निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको परीक्षाफल**

| शैक्षिक सत्र | भर्ना भएका विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | अनुपस्थित | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

# अनुसूची ७

## निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सिकाइ नतिजामा प्रभाव पार्ने कारक तत्वहरू

### निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (२०६४-२०६७) को समष्टिगत नतिजा विवरण

| विद्यालयको नाम | भर्ना भएका विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

# अनुसूची ८

## निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सिकाइ नतिजामा प्रभाव पार्ने कारक तत्वहरू

निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (२०६४-२०६७) को समष्टिगत नतिजा विवरण

| विद्यालय | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| शैक्षिक सत्र | उत्तीर्ण प्रतिशत | अनुत्तीर्ण प्रतिशत | अनुपस्थित प्रतिशत | उत्तीर्ण प्रतिशत | अनुत्तीर्ण प्रतिशत | अनुपस्थित प्रतिशत | उत्तीर्ण प्रतिशत | अनुत्तीर्ण प्रतिशत | अनुपस्थित प्रतिशत |
| 2064 | | | | | | | | | |
| 2065 | | | | | | | | | |
| 2066 | | | | | | | | | |
| 2067 | | | | | | | | | |
| hDdf | | | | | | | | | |